'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २८६ ★ ने. सं. ११४६ कौला थ्व, एकादशी ★ बिहीबार ★ १९ कार्तिक, २०८३ ★ November 5, 2026, Thursday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

युरोपेली सङ्घका अग्निनियन्त्रकहरूद्वारा सामाजिक सुरक्षा कटौतीविरुद्ध ब्रसेल्समा विरोध प्रदर्शन



ब्रसेल्स, १८ कार्तिक (टेलिसुर)। युरोपेली सङ्घका २० देशका सयौँ अग्निनियन्त्रकहरूले थप सार्वजनिक लगानी, आफ्नो कार्यबलको विस्तार, सामाजिक सुरक्षा कटौतीमा रोक र सुरक्षित कार्यस्थितिको ग्यारेन्टीको माग गर्दै युरोपेली सङ्घको राजधानी ब्रसेल्समा विरोध प्रदर्शन गरेका छन्। प्रदर्शन ब्रसेल्सको नर्थ स्टेसनबाट सुरु भई टुर एन्ड ट्याक्सिस कम्प्लेक्सतर्फ शान्तिपूर्वक अघि बढेको थियो, जहाँ युरोपेली नागरिक सुरक्षा मञ्चको नवौँ संस्करण उद्घाटन हुँदै थियो।

युरोपेली सार्वजनिक सेवा युनियनहरूको महासङ्घ (ईपीएसयू) ले काम गर्ने अवस्थाहरू निरन्तर बिग्रँदै गएको भन्दै निन्दा गरेको छ, जसलाई नियमन खुकुलो पारिनु र अपर्याप्त बजेट विनियोजनले झन् गम्भीर बनाएको छ। युरोस्ट्याटका तथ्याङ्क उद्धृत गर्दै महासङ्घले २०२४ र २०२५ बीचमा युरोपमा करिब १८,२०० व्यावसायिक अग्निनियन्त्रक गुमाएको र धेरै सदस्य राष्ट्रहरूमा अवकाश उमेर बढेको बताएको छ।

युरोपेली सार्वजनिक सेवा युनियनहरूको महासङ्घ (ईपीएसयू) ले नागरिक सुरक्षा निकायहरू, युरोपेली आयोग र राष्ट्रिय सरकारहरूलाई अग्निनियन्त्रक तथा उद्धार टोलीका लागि हुने वित्तीय कटौती रोक्न आग्रह गरेको छ। वनडढेलो र बाढीबाट बढ्दो जोखिमको सामना गरिरहेका टोलीहरूका लागि यी कटौती अस्वीकार्य भएको उसले जनाएको छ।

युरोपेली सार्वजनिक सेवा युनियनहरूको महासङ्घ (ईपीएसयू) का महासचिव जान विलेम गौड्रियानले आपत्कालीन सेवा बजेट नियन्त्रण गर्ने संस्थाहरूलाई लक्षित गर्दै यो चेतावनी दिनुभएको हो। "हामी नागरिक सुरक्षा,

बाँकी पृष्ठ ८ मा

रामेछापको मन्थली नगरपालिकाका नगर प्रमुख लव श्रेष्ठको नेतृत्वमा आएको टोली भक्तपुरमा



भक्तपुर, १८ कार्तिक। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले रामेछापको मन्थली नगरपालिकाका नगर प्रमुख लव श्रेष्ठको नेतृत्वमा आएको टोलीलाई भादगाउँले टोपी र खादाद्वारा स्वागत गर्नुभयो।

सो क्रममा प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले जनस्वास्थ्य सेवा केन्द्रलाई २०७७ सालदेखि ख्वप अस्पतालको रूपमा सञ्चालन गर्दै आएको जानकारी दिनुभयो। अस्पतालले वर्षको ३६५ दिन नै स्वास्थ्य सेवा प्रदान गर्दै आएको उल्लेख गर्दै उहाँले अस्पतालमा विभिन्न विशिष्टीकृत स्वास्थ्य सेवासमेत सञ्चालनमा रहेको बताउनुभयो।

नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गतको रकम शोधभर्ना प्राप्त नभए पनि नागरिकको स्वास्थ्य सेवालाई प्राथमिकतामा राख्दै स्वास्थ्य बीमा सेवा निरन्तर सञ्चालन गरिरहेको उहाँले बताउनुभयो।

ख्वप अस्पतालबाट सीटी स्क्यान सेवा सञ्चालन भइरहेको र एमआरआई सेवा सञ्चालन गर्ने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो।

जनप्रतिनिधिहरू जहाँ रहे पनि आपसी समन्वयमा काम गर्नुपर्नेमा जोड दिँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले स्वास्थ्यलाई प्राथमिकता दिई वडावडामा आधारभूत स्वास्थ्य केन्द्र सञ्चालन गरिरहेको बताउनुभयो। नगरपालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रमा उल्लेखनीय लगानी गर्दै आएको उहाँले बताउनुभयो।

बाँकी पृष्ठ ८ मा

कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - १६३

नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार देशको ब्रोडब्यान्ड पहुँच १३१.५१ प्रतिशत र मोबाइल फोन पहुँच १३८.६२ प्रतिशत पुगेको छ। जनसङ्ख्याभन्दा बढी रहेको यो पहुँचले सामाजिक सञ्जाल र अनलाइन प्लेटफर्महरूको व्यापक प्रभाव स्पष्ट रूपमा देखाउँछ। तर, प्रभावकारी नियमनको अभावले यी प्लेटफर्महरूलाई व्यक्तिको विश्वसनीयता निर्माण वा ध्वस्त पार्ने शक्तिशाली साधनमा रूपान्तरण गरिदिएको छ। सार्वजनिक धारणा प्रायः प्रमाणित तथ्यभन्दा बढी योजनाबद्ध कथन, सिर्जित भावनात्मक सामग्री र समन्वित डिजिटल अभियानका आधारमा निर्माण हुने गरेको छ। जसले डिजिटल हेरफेरमा सक्षम केही पक्षहरूले आफू अनुकूल प्रयोग गरेका छन्। म्यान्मारमा पत्रकार, मानव अधिकार संस्थाहरू र संयुक्त राष्ट्रसङ्घीय तथ्य अनुसन्धान मिसनको अनुसन्धानले फेसबुकमा व्यापक घृणात्मक र उकास्ने सामग्री लगातार दोहोऱ्याइने र एल्गोरिदमको रूपमा प्रवर्द्धन गरिने कार्यबाट रोहिङ्ग्या समुदायविरुद्धको हिंसा व्यापक बनेको देखायो। यसले हालैको इतिहासकै सबैभन्दा ठुलो शरणार्थी सङ्कटमध्ये एक निम्त्यायो। जसले अनियन्त्रित डिजिटल प्लेटफर्महरूले कति विनाशकारी परिणाम निम्त्याउन सक्छन् भन्ने स्पष्ट गर्छ।

हालैको जियनजेड प्रदर्शनले सामाजिक सञ्जालमार्फत प्रवाह भएका भ्रामक जानकारी र भावनात्मक सामग्रीले कसरी छिटो तनाव बढाउन सक्छ भन्ने कुरालाई झनै प्रस्ट पारेको छ। आन्तरिक तथा बाह्य स्रोतबाट प्रवर्द्धन गरिएका गलत कथनहरू ठुलो परिमाणमा फैलिन पुगे। जसले जनसमूहको तीव्र परिचालन, सार्वजनिक तथा निजी सम्पत्तिमा क्षति र समग्र सामाजिक अस्थिरता निम्त्यायो। यस्ता घटनाहरूले अनियन्त्रित डिजिटल सामग्री प्रवाहका कारण राज्यका संरचनालाई दबाबमा पार्न, सामाजिक स्थिरतालाई कमजोर बनाइदिन र स्थानीय असन्तुष्टिलाई देशव्यापी सङ्कटमा बदल्न सक्ने गम्भीर जोखिम रहेको देखाउँछ।

यी जोखिमहरू न्यूनीकरण गर्न नेपालले डिजिटल जोखिम व्यवस्थापनका लागि संस्थागत क्षमता सुदृढ गर्नुपर्छ। यसमा सामाजिक सञ्जाल गतिविधि निगरानी, Emerging Digital Threat पहिचान र दुष्प्रचार अभियानहरूको समयमै प्रत्युत्तर दिन सक्षम बनाउने गरी साइबर ब्युरोको क्षमता विस्तार गर्नु अति आवश्यक छ। त्यस्तै, सामाजिक सञ्जाल-सृजित अपराधको प्रमाण विश्लेषण गर्न डिजिटल फरेन्सिक प्रयोगशालाहरूले आवश्यक उपकरण, दक्ष जनशक्ति र प्राविधिक क्षमताका साथ विश्वसनीय विश्लेषण गर्ने दक्षता कायम गर्न सक्नुपर्छ।

सामाजिक सञ्जालको प्रभावकारी नियमन हुन नसकेको कारण सामाजिक असहिष्णुता फैलिने, व्यक्तिगत गोपनियता भङ्ग हुने, साइबर बुलिङ, साइबर स्कटिङ सेक्सटार्सन र एक्सटार्सनजस्ता गतिविधिको व्यापकतामा झनै वृद्धि हुँदै गइरहेको छ।

डिस्कर्डमा विभिन्न प्रकारका (केही सत्य केही भ्रामक) प्रचारहरू भए। डिस्कर्डमा भएका सन्देशहरूले नेपाली नेतृत्वविरुद्ध हिंसाको वकालत गऱ्यो। डिस्कर्डमा रणनीतिक छलफलहरूमा 'मोलोटोभ ककटेल' को खरिद र प्रयोग, प्रहरी स्टेसनहरूबाट गोला बारुद जफत गर्ने सुझावहरू समावेश थिए। प्रहरीको प्रतिक्रियाले १९ जनाको मृत्यु भएपछि, केही डिस्कर्ड सर्भरका आयोजकहरूले विद्यार्थीलाई कक्षाहरू बन्द गर्न भने। कलेज र स्कूलहरू अनिश्चितकालीन बन्द गर्न आह्वान गरे। प्रदर्शनकारीहरूले सामाजिक सञ्जाल प्रतिबन्धबाट बच्न VPN प्रयोग गरे र QR कोडहरू भएका फ्लायरहरू पोस्ट गरे।

(Cyabra) द्वारा तयार पारिएको नेपाल प्रोटेस्ट्स सन् २०२५ 'अनलाइन न्यारेटिभ्स एन्ड फेक प्रोफाइल इन्फ्लुएन्स' नामक प्रतिवेदनले सन् २०२५ को सेप्टेम्बर ६ देखि ९ तारिखसम्म नेपालमा भएको जीएनजेडको विरोध प्रदर्शनको सामाजिक सञ्जाल (X), फेसबुक, टिकटकमा भएको छलफलको विश्लेषण गरेको थियो। प्रतिवेदनका अनुसार अनलाइन संवाद मुख्यतया तीन विषयवस्तुमा केन्द्रित थियो। युवा-नेतृत्वको प्रजातान्त्रिक सङ्घर्ष, प्रहरी दमन र राज्य हिंसाको आरोप र बढ्दो राजनीतिक तथा नेतृत्वविरुद्ध लक्षित रहेको देखाउँछ। यस अध्ययनले एक्स (X)

बाँकी पृष्ठ ८ मा

व्यङ्ग्यचित्रको कुनो



भिन्तुना बचत तथा ऋण सहकारी संस्था लि.
ब्यासी-२, भक्तपुर, फोन : ६६१७५८७, ९७६१८०७४२१

२४ औँ वार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको **२४ औँ वार्षिक साधारणसभा** निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यहरूलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ।

कार्यक्रम

मिति : २०८३/०८/२६ गते, शनिबार
समय : बिहान ११:०० बजे
स्थान : महाकाली पीठ, भक्तपुर नगरपालिका



कुमारीको पाहुना घर

भक्तपुर नगरपालिका-५ टिबुक्छेंस्थित पुनर्निर्माण भइरहेको कुमारी आगम घर्छें (कुमारीको पाहुना घर)। यो परम्परागत शैली इँटा, माटो र काठको प्रयोगबाट परम्परागत शैलीमा कुमारी घरको पुनर्निर्माण हुँदै आएको उपभोक्ता समितिका अध्यक्ष चिनियालाल माकले बताउनुभयो। *तस्बिरः रेणु त्वानाबासु/रासस*

सूर्यमढीमा युवाहरूबिच शुभकामना आदानप्रदान

भक्तपुर, १८ कार्तिक। नेपाल क्रान्तिकारी युवा सङ्घ ९ वडा सूर्यमढी एकाइ समितिको आयोजनामा मङ्गलबार शुभ दीपावली २०८३ तथा नेपाल संवत् ११४७ को शुभकामना आदानप्रदान तथा युवा भेला सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले समस्या पहिचानका लागि युवाहरूको सक्रियता आवश्यक रहेको बताउनुभयो। सामाजिक सञ्जालको अधिकतम प्रयोगले धेरै युवा विद्यार्थीहरूको सोच्ने क्षमतामा ह्रास आइरहेकोप्रति सजग हुनुपर्ने बताउँदै उहाँले समाजको वास्तविकता थाहा पाउन र सिर्जनशीलतालाई विकास गर्न समाजसँगै घुलमिल हुनुपर्ने आवश्यकता औंल्याउनुभयो।

कार्यक्रममा वडा र समग्र नगरका विभिन्न समस्याबारे अतिथि ज्याख्वले सहभागी युवाहरूसँग अन्तरक्रियात्मक छलफल गर्नुभयो।

आयोजक समितिका अध्यक्ष रमेश गोसाईंको सभापतित्वमा सम्पन्न भेलाले प्रवीण प्रजापतिको अध्यक्षतामा नेक्रायुसङ्घ ९ वडा सूर्यमढी एकाइ समिति गठन गरेको छ।

डोल्पा कारागारबाट भागेका आठमध्ये चार कैदी पक्राउ

कर्णाली, १८ कार्तिक। जिल्ला कारागार कार्यालय डोल्पाबाट फरार भएका चार जना कैदीलाई प्रहरीले पक्राउ गरेको छ।

प्रहरीले आज त्रिपुरासुन्दरी नगरपालिका-४ डोल्पास्थित रङ गाउँमा कमला बुढाको घरमा लुकीछिपी बसेको अवस्थामा सोही नगरपालिका-७ घर भएका जबर्जस्ती करणीसम्बन्धी कसुरमा आठ वर्ष कैद सजाय तोकिएका २९ वर्षीय कालीप्रसाद रोकाय र नलगाड नगरपालिका-९ जाजरकोट घर भई नकबजनी चोरीसम्बन्धी कसुरमा तीन वर्ष कैद सजाय तोकिएका १९ वर्षीय कैलाश भन्ने कपिल परियारलाई पक्राउ गरेको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक सन्तोषसिंह राठौरले जानकारी दिनुभयो।

उहाँका अनुसार मङ्गलबार आठबिसकोट नगरपालिका १० रुकुमपश्चिम घर भएका जबर्जस्ती करणी मुद्दाका कैदी ३२ वर्षीय रामबहादुर विक र सल्यानको कुमाख गाउँपालिका-५ सल्यान घर भएका जबर्जस्ती करणी मुद्दाका कैदी २८ वर्षीय रेशम राना पक्राउ परेका थिए। चेकजाँचको क्रममा भाग्न खोज्न उनीहरूलाई प्रहरीले पक्राउ गरेको प्रवक्ता राठौरले बताउनुभयो।

यही कार्तिक १४ गते शुक्रबार बिहान ६:०० बजे डोल्पा जिल्ला कारागारबाट सुरुङ खनेर आठ जना कैदीबन्दी भागेका थिए। भागेका अन्य कैदीबन्दीको खोजी कार्य भइरहेको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले जनाएको छ। ***(रासस)***

राप्तीसोनारीमा धानको बजार सुनिश्चित गर्दै कृषि सहकारी

राँझा (बाँके), १८ कार्तिक। बाँकेको राप्ती सोनारी गाउँपालिका-६ स्थित साकार कृषि सहकारी संस्था लिमिटेडले यो वर्ष किसानसँग गाउँमै १० हजार क्विन्टल धान खरिद गर्ने भएको छ।

किसानले उत्पादन गरेको सबै जातको धानको उचित मूल्य सुनिश्चित गरी धान खरिद गर्ने कार्य सुरु गरिएको सहकारीका मुख्य प्रबन्धक जमानसिंह वलीले बताउनुभयो।

"स्थानीय कृषकलाई प्रोत्साहन गर्न र उनीहरूको उत्पादनको उचित मूल्य सुनिश्चित गर्न धान खरिद गर्ने योजना बनाइएको छ," वलीले भन्नुभयो, "सहकारीले किसानको मेहनतलाई सम्मान गर्दै धानको फरक-फरक मूल्य निर्धारण गरेको छ।"

उहाँका अनुसार सहकारीले मसिनो धान प्रतिक्विन्टल रु. तीन हजार २००, राधा ४ मोटो प्रतिक्विन्टल रु. दुई हजार ८५०, हाइब्रिड (जुन सुकै) प्रतिक्विन्टल रु. दुई हजार ७५० मूल्य निर्धारण गरेको छ। सहकारीले घोषणा गरेको यो योजनाअन्तर्गत धान बेच्न इच्छुक कृषकले सम्बन्धित धान संस्थाको गोदाम घर तथा सङ्कलन केन्द्रमा ल्याउनु पर्नेछ।

किसानको १० हजार क्विन्टल धान गाउँमै खरिद गर्ने यस अभियानले राप्ती सोनारी क्षेत्रका किसानको आर्थिकस्तर उकास्न र उनीहरूलाई बजारीकरणमा सहजता प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको उहाँको भनाइ छ।

राप्ती सोनारी-६ फत्तेपुरको टेपरीमा केन्द्रीय कार्यालय रहेको साकार कृषि सहकारी संस्थामा आठ हजार बढी किसान सदस्य रहेका छन्। राप्ती सोनारी-५ बिनौनास्थित सहकारीको गोदाममा किसानको धान खरिद गरेर भण्डारणको व्यवस्था मिलाइएको संस्थाका अध्यक्ष हुमाशङ्कर वलीले बताउनुभयो।

उहाँका अनुसार, सहकारीले किसानलाई बीउ धान उत्पादनका लागि पनि प्रोत्साहन गर्दै आएको छ। किसानले उत्पादन गरेको बीउ धान सहकारीले खरिद गर्ने गरेको छ।

साकार कृषि सहकारी संस्थाले किसानको हितलाई दृष्टिगत गर्दै कुल रु. ५५ लाखको लागानीमा यो वर्षदेखि अत्याधुनिक 'सिल्की चामल मिल' जडान गरी सञ्चालनमा ल्याएको छ। यो मिल सञ्चालनमा आएसँगै राप्ती सोनारीका किसानले उत्पादन गरेको धान सहकारीमार्फत सहजै बिक्री वितरण हुनेछ। कुटानी-पिसानीको सुविधा गाउँमै उपलब्ध भएको वलीको भनाइ छ।

स्थानीय तहमै कृषि उपजको प्रशोधन र बजारीकरणको व्यवस्था भएपछि राप्ती सोनारीका किसानमा व्यावसायिक कृषिप्रतिको आकर्षण थप बढ्ने विश्वास लिइएको उहाँले बताउनुभयो।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले बाँके जिल्लामा धान खरिदका लागि १० हजार क्विन्टल मात्रै कोटा निर्धारण भएकोले गाउँ-गाउँमा सहकारीले धान खरिद गर्ने कार्य गरे किसानलाई ठुलो राहत हुने किसान महासङ्घ बाँकेका अध्यक्ष कृष्णबिक्रम केसीले बताउनुभयो। ***(रासस)***

यस वर्षको मनसुनजन्य विपद्मा १३३ जनाको मृत्यु

काठमाडौं, १८ कार्तिक। यस वर्षको मनसुन अवधिमा मुलुकभर भएका विपद्जन्य घटनामा परी १३३ जनाको मृत्यु भएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार भोटेकोशी बाढीबाहेक ती विपद्का घटनामा परी १४ जना बेपत्ता र २२७ जना घाइते भएका छन्।

प्राधिकरणका प्रवक्ता राम केसीले त्यस्ता मनसुनजन्य विपद्बाट तीन हजार ५३३ परिवार प्रत्यक्ष प्रभावित भएको जानकारी दिनुभयो। यस वर्षको मनसुन ११८ दिनसम्म रहेको थियो।

प्रवक्ता केसीका अनुसार यस वर्ष मनसुनजन्य विपद्का घटनाबाट ७७ वटै जिल्ला प्रभावित भए भने मानवीय क्षतिको आधारमा ४५ जिल्ला बढी प्रभावित भएका थिए।

मनसुन अवधिमा यस वर्ष भोटेकोशी बाढी तथा असोज ७ गतेदेखि ११ गतेसम्मको वर्षापछिको बाढी, पहिरो र डुवान प्रमुख विपद्का घटनाका रूपमा रहेका छन्। यसै वर्षको मनसुन अवधिमा बुढीगण्डकी बाढीबाट गोरखा जिल्ला समेत प्रभावित भयो।

प्राधिकरणका अनुसार यस वर्षको मनसुनमा समग्रमा औसत वर्षा भएको थियो। तथापि, छोटो अवधिमा भएको भारी वर्षाका कारण विभिन्न क्षेत्रमा बाढी, पहिरो र डुबानका घटना भए। ***(रासस)***

पदयात्रा अनुमति उल्लङ्घन गर्ने ट्रेकिङ एजेन्सीलाई ५० हजार जरिवाना

काठमाडौं, १८ कार्तिक। पदयात्रासम्बन्धी कानुन उल्लङ्घन गरेर विदेशी पर्यटकलाई निषेधित क्षेत्रमा लैजान खोज्ने ट्रेकिङ एजेन्सीलाई रु. ५० हजार जरिवाना गरिएको छ।

बेल्जियमका दुई नागरिकलाई पदयात्रा अनुमति नलिई डोल्पोबुद्ध गाउँ पालिकातर्फ लैजान खोजेको आरोपमा गरिमा भ्वायज ट्राभल्स टुर्स एण्ड ट्रेक्स प्रालिलाई अध्यागमन ऐन, २०४९ को दफा १०(४) बमोजिम जरिवाना गरिएको अध्यागमन विभागले जनाएको छ।

जिल्ला प्रशासन कार्यालय डोल्पाबाट प्राप्त पत्र र घटनासम्बन्धी विवरण अध्ययन गर्दा एजेन्सीले प्रचलित कानुन उल्लङ्घन गरेको पाइएपछि कारबाही गरिएको विभागले जनाएको छ।

घटनामा संलग्न गाइडको व्यावसायिक आचरण र इजाजतपत्रसम्बन्धी विषयमा आवश्यक छानबिन गर्न पर्यटन विभाग तथा बागमती प्रदेशको उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालयलाई पत्राचार गरिएको विभागले जनाएको छ।

विभागले पदयात्रा अनुमति नलिई पर्यटकलाई कुनै पनि क्षेत्रमा नलैजान तथा जारी अनुमति र सर्तको पूर्ण पालना गर्न ट्रेकिङ एजेन्सी र गाइडलाई आग्रह गरेको छ। अनुमति उल्लङ्घन गर्ने र सम्बन्धित निकायको निर्देशन अवज्ञा गर्नेमाथि कानुनबमोजिम कारबाही हुने विभागले चेतावनी दिएको छ।

मनास्लु क्षेत्रमा निरन्तर सुक्खा पहिरो

गोरखा, १८ कार्तिक। उत्तरी गोरखाको मनास्लु क्षेत्रमा निरन्तर सुक्खा पहिरो झरिरहेको छ।

चुमनुब्री गाउँपालिका-५ क्याकमा मङ्गलबार बिहानदेखि अहिलेसम्म सुक्खा पहिरो झरिरहेको वडाध्यक्ष काल्देन छेवाङ लामाले जानकारी दिनुभयो। क्याकबाट सेराङ गुम्बा जाने बाटोमा करिब आधा घण्टाको पैदल दूरीमा पहिरो गएको लामाले जानकारी दिनुभयो।

"क्याकबाट सेराङ जाने बाटोमा पर्ने बुम्राङमा ठूलो सुक्खा पहिरो झरिरहेको छ", वडाध्यक्ष लामाले भन्नुभयो, "मङ्गलबार बिहान ११:०० बजेतिर धुवाँ उडेर पहिरो झऱ्यो। हामी १:०० बजेतिर गएर हेरेर फर्क्यौं। फेरि अहिले गए राति उस्तैगरी झऱ्यो। अहिले हेर्न जाउँ भनेर खोजेको निरन्तर झरिरहेको छ। जान सकिएन।"

लामाका अनुसार साकिमा डाँडाबाट सेराङ खोलासम्म ३०० मिटरभन्दा लामो पहिरो झरेको छ। "आगो फुक्दा आएजस्तो सेतो धुवाँ उडेको छ", उहाँले भन्नुभयो, "डाँडाबाट खोलासम्मचाहिँ करिब ३०० मिटर जति छ। अहिले पनि झरिरहेकाले कति फराकिलो छ भनेरचाहिँ थाहा पाउन सकिएन।"

उक्त पहिरोका कारण सेराङ गुम्बामा रहेका करिब ४०० जनालाई समस्या भएको छ। "गुम्बामा लामा पढ्ने विद्यार्थी २०० जना जति छन्। लामा गुरु र गुम्बाको वृद्धाश्रममा गरी २०० जना गुम्बामा छन्", वडाध्यक्ष लामाले भन्नुभयो, "उनीहरूलाई रासनलगायत आवश्यक सामग्री उपलब्ध गराउन समस्या हुने भयो।"

गोरखाको हिमाली भेगतिर धमाधम सुक्खा पहिरो र हिमपहिरो झर्न थालेपछि स्थानीयबासी चिन्तित छन्। "खै अचेल हाम्रो हिमालतिर के भएको हो?", वडाध्यक्ष लामाले चिन्ता व्यक्त गर्नुभयो, "केही समयअघि गत असोज २५ गते सेराङ हिमालकै पूर्वी पाटोमा हिमपहिरो खसेर उङ्गिलुङ खोला थुनिएर बूढीगण्डकीमा विनाशकारी बाढी गएको थियो।"

नेपाल प्रहरीको महानिरीक्षक पदमा केसीलाई नियुक्त गर्ने सरकारको निर्णय

काठमाडौं, १८ कार्तिक। सरकारले नेपाल प्रहरीको महानिरीक्षक पदमा डा मनोजकुमार केसीलाई नियुक्त गर्ने निर्णय गरेको छ।

आज बसेको मन्त्रिपरिषद् बैठकले नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक डा केसीलाई प्रहरी नियमावली, २०७१ को नियम ४१ बमोजिम यही कार्तिक १८ गतेदेखि लागू हुनेगरी महानिरीक्षक पदमा बढुवा गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवम् शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो।

मन्त्री पोखरेलका अनुसार बैठकले वर्तमान परिस्थितिमा मुलुकको शान्ति सुरक्षाको व्यवस्था सुदृढ गर्नका लागि प्रधानमन्त्रीलाई सुरक्षासम्बन्धी आवश्यक सल्लाह, सुझाव र परामर्श दिन नेपाल प्रहरीको प्रहरी महानिरीक्षकस्तरको प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकार पद प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिर्जना गर्ने निर्णय गरेको छ। साथै उक्त पदमा नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलाई खटाउने निर्णय गरेको छ। ***(रासस)***

आधुनिकताका नाममा परम्परा तोडिँदै

रेणु त्वानाबासु

भक्तपुर, १८ कार्तिक । आधुनिकताका नाममा क्रमश: परम्परा तोडिँदै गएको ज्वलन्त उदाहरण भक्तपुरमा देख्न सकिन्छ ।

दिपावली अर्थात् उज्यालोको पर्व-तिहारमा बालिने माटोको दियो 'पालाचा' को सट्टा आधुनिक तर, महँगो प्लास्टिकका दियोको प्रयोग यहाँका स्थानीयले गर्न थालेपछि परम्परा तोडिँदै गएको हो ।

नेवारी भाषामा पालाचा भनेको माटोबाट तयार पारिने दियो हो । दियो दुई प्रकारका हुन्छन् । एउटा पोलेको र अर्को नपोलेको (काँचो) । पहिला/पहिला



काँचो दियो (पालाचा) को प्रयोगको माग बढी हुन्थ्यो अहिले पोलेको दियोको माग बढेको छ ।

भक्तपुरका कुमालेहरू दसैँमा दही राख्ने माटोको भाँडालगायत अन्य भाँडा बनाउने र तिहारको समयमा पालाचा बनाउने गरेको बताउँछन् । माटोका भाँडाकुँडा बनाउने मानिसहरूलाई कुमाले भनिन्छ ।

पहिलापहिला पालाचाको धेरै व्यापार हुने गर्दथ्यो । तर, आजभोलि यसको माग कम हुँदै गएको छ, अर्का कुमाले रामेश्वर प्रजापतिले भन्नुभयो ।

अहिले आधुनिक दियो र बत्तीहरू बजारमा आएकोले यसको माग कम भएको हो । पालाचा बनाउन पहिला/पहिला चखा: को प्रयोग हुन्थ्यो, भने अहिले मेसिनको प्रयोग हुन्छ । अहिले माटो मुछ्ने मेसिन भएकोले काम गर्न सजिलो भएको छ ।

भक्तपुरको सूर्यमढीका कृष्ण प्रजापति २०७२ सालको भूकम्पपश्चात् माटोको काम गर्न गाह्रो भएको सुनाउनुहुन्छ । एक त खुला स्थानको अभाव, अर्को काँचो पालाचा पोल्ने ठाउँ नहुँदा धेरै समस्या भएको उहाँले बताउनुभयो ।

जसोतसो भाँडा पोल्ने गरिरहेका छौँ, तर छरछिमेकमा धुवाँधुलो उड्यो भनेर गुनासो सुन्नुपर्ने हुन्छ, उहाँले बताउनुभयो । सानो आकारको पालाचा भएको हुँदा बनाउन र सुकाउन त्यति झन्झट छैन ।

अहिले पालाचा बनाउनको लागि माटोको समस्या रहेको उहाँले बताउनुभयो । पहिला पहिला माटो निशुल्क पाइथ्यो, तर अहिले माटो किन्नुपर्ने हुन्छ ।

प्राय: माटो नै पाउन मुस्किल छ । अब पालाचाको प्रयोग गर्नेले आधुनिक बिजुलीका दियोको प्रयोग बढाउँदै गएको छ ।

भक्तपुरमा माटोको भाँडा बनाउने प्रजापतिहरू धेरै सङ्ख्यामा सूर्यमढी र पोटरी स्क्वायरमा बसोबास गर्छन् ।

भक्तपुरमा थर अनुसारको काम गर्ने चलन छ । प्रजापति थर भएकोले माटोका भाँडाकुँडा बनाउने काम गर्छन् ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आयातित पालाचा महँगो भएकाले भक्तपुरवासीले प्रयोग नगर्ने बताउनुहुन्छ ।

उहाँले नगरपालिकाले युवालाई सेरामिक्सबाट तयार हुने माटोका भाँडाकुँडा प्रयोगमा आर्कषित गर्ने नीति लिएको बताउनुभयो ।

परम्परागत पेसालाई आधुनिक प्रविधि र सिर्जनशीलतासँग जोड्दै अगाडि बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

प्लास्टिकका सामानले माटोका भाँडाको स्थान लिँदै जाँदा परम्परागत पेसामा आबद्ध व्यक्तिको रोजगारी गुम्ने खतरा बढेको उहाँले बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले सिरामिक्सको राम्रो सम्भावना बोकेको देशकै महत्त्वपूर्ण स्थान भक्तपुर भएको बताउँदै परम्परागत सीपलाई आधुनिकतासँग जोडेर अगाडि बढाउन नसके परम्परागत कला र सीप ओझेलमा पर्ने सम्भावना रहेको जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिका-९ का वडाध्यक्ष रवीन्द्र ज्याख्व युवाहरूमा आफ्नै देशमा सम्भावना खोज्नेभन्दा परनिर्भर सोच बढ्दै गएको बताउनुहुन्छ । आफूमा भएको सीप र क्षमताको सदुपयोग गरी समाज र परिवारका लागि धेरै काम गर्न सकिने उहाँले बताउनुभयो ।

आफ्नो सीप र रुचिसम्बन्धी कामलाई निरन्तरता दिँदै अगाडि बढे त्यसले दक्षता विकास गर्न मद्दत पुग्ने बताइन्छ ।

नेपाल सेरामिक्स आर्टिसट सोसाइटीका अध्यक्ष रमेश प्रधानले परम्परागत सिरामिक्स कलालाई आधुनिकतासँग जोड्ने, आधुनिक सिरामिक्स कलाको विकास गर्ने तथा कला र संस्कृतिसँग जोडेर यस क्षेत्रलाई अगाडि बढाउने उद्देश्य रहेको बताउनुभयो । साथै, नयाँ कलाकारलाई सीप सिकाउँदै सिर्जनशील कार्यमा प्रेरित गर्नु आफूहरूको प्रमुख लक्ष्य रहेको उहाँले जानकारी दिनुभयो ।

भक्तपुरमा माटोको भाँडा बनाउने अर्का कुमाले लक्ष्मण प्रजापतिले सञ्चारसंस्थामा आए जस्तो आफूहरूको व्यापार उत्साहजनक नरहेको बताउनुहुन्छ । माटोको भाँडा बनाउने काममा समस्याको पहाड भएको उहाँ बताउनुहुन्छ । भक्तपुरमा बनाइएको पालाचा भक्तपुरवासीले नै किन्दैनन्, उहाँ दु:ख व्यक्त गर्नुहुन्छ ।

पालाचा महँगो भयो भनेर आधुनिक दियो बाल्ने गरेको उहाँ बताउनुहुन्छ । आजभोलि पालाचा पनि काम चलाउनको लागि मात्र किन्ने गरेको उहाँले बताउनुभयो ।

भक्तपुरवासीलाई पालाचा बनाउने भए एक हप्ता बनाएको पालाचा पनि बढी हुने उहाँले सुनाउनुभयो । काठमाडौँ, ललितपुर, बनेपा तथा उपत्यका बाहिर निर्यातका लागि भक्तपुरमा पालाचा लिन आउने गरेको उहाँले जानकारी दिनुभयो ।

विदेशबाट फर्केर गाउँमै व्यावसायिक फूल खेती

सनम सुवाल

बनेपा, १८ कार्तिक । तिहार नजिकिँदै गर्दा बनेपा नगरपालिका-१२ बासडोलका माधव घिमिरेको खेतमा सयपत्री फूल ढकमक्क फुल्न थालेका छन् । पर्वका लागि फूलको माग बढ्ने समय नजिकिएसँगै ५९ वर्षीय घिमिरे फूलको स्याहार र बिक्रीको तयारीमा व्यस्त हुनुहुन्छ । उहाँले पाँच रोपनीबाट सुरु गर्नुभएको फूलखेती अहिले १४ रोपनीमा विस्तार भएको छ ।

पाँच वर्षअघि कृषि व्यवसाय सुरु गर्नुभएका घिमिरेले सुरुका दुई वर्ष गोलभेँडा र काँक्रोखेती गर्नुभयो । तरकारीखेतीबाट अनुभव बटुल्नुभएका उहाँले पछि फूलखेतीको सम्भावना देख्नुभयो । दसैँ र तिहारजस्ता पर्वमा सयपत्री फूलको माग हुने भएकाले त्यसलाई व्यावसायिक रूपमा उत्पादन गर्ने सोचअनुसार फूलखेती सुरु गरेको उहाँले बताउनुभयो ।



उहाँले जापानी र थाई जातका हाइब्रिड सयपत्री फूल लगाउनुभएको छ ।

फूलखेतीका लागि बिरुवा रोप्ने काम साउन महिनादेखि सुरु हुन्छ । रोपेको करिब तीन महिनामा फूल बिक्रीका लागि तयार हुने घिमिरेले बताउनुभयो । दसैँ र तिहारमा फूलको खपत बढी हुने भएकाले सोही समयलाई लक्षित गरेर खेती व्यवस्थापन गर्दै आउनुभएको छ ।

फूलको मौसम सकिएपछि उहाँ खेतबारी खाली राख्नुहुन्न । सयपत्री फूलको बिक्रीको समय सकिएपछि अन्य सँगसब्जी तथा तरकारी लगाउने गर्नुहुन्छ । एउटै खेतीमा मात्र निर्भर नभई वर्षभरि जमिनको उपयोग गर्ने उहाँको अभ्यास छ ।

घिमिरेको फूलखेतीले उहाँलाई मात्र होइन, अन्य व्यक्तिलाई पनि रोजगारी दिएको छ । खेतीमा १० जना कामदार संलग्न छन् । फूल रोप्ने, गोडमेल गर्ने, स्याहार गर्ने र टिप्ने काममा उनीहरूको सहयोग लिने गरिएको छ ।

यस वर्ष पनि फूलको उत्पादन राम्रो भएको उहाँले बताउनुभयो । तर उत्पादन राम्रो हुँदैमा आम्दानी सुनिश्चित नहुने उहाँको अनुभव छ । बजारको माग र मूल्यले किसानको आम्दानी निर्धारण गर्ने भएकाले उहाँ अहिले फूल बिक्रीको उचित समय पर्खिरहनुभएको छ ।

उहाँका अनुसार किसानका लागि उत्पादन गर्नु एउटा पक्ष हो भने उत्पादित वस्तु उचित मूल्यमा बिक्री गर्नु अर्को चुनौती हो ।

स्वदेशमै फूल उत्पादन भइरहेका बेला विदेशबाट आयात हुने गरेकोप्रति उहाँको असन्तुष्टि छ । नेपाली किसानले उत्पादन गरेका फूललाई प्राथमिकता दिनसके स्वदेशी उत्पादनको बजार विस्तार हुने र किसानलाई थप प्रोत्साहन मिल्ने उहाँले बताउनुभयो । विशेषगरी तिहारका बेला स्वदेशी फूलको माग र खपत बढाउन सके स्थानीय किसानले उत्पादन गरेको फूलले बजार पाउने घिमिरेको अपेक्षा छ ।

"नेपालका किसानलाई सम्बन्धित निकायले पर्याप्त ध्यान दिनुपर्छ । स्वदेशमै उत्पादन भएका फूललाई प्राथमिकता दिएर विदेशबाट फूल आयात नगर्ने हो भने किसानलाई धेरै राहत हुन्थ्यो", उहाँले भन्नुभयो ।

मिहिनेत गरेर उत्पादन गरेको फूलले उचित मूल्य पाउनसके किसानलाई यस क्षेत्रमा टिकिरहन सहज हुने उहाँको विश्वास छ । स्वदेशमै उत्पादन र बजारीकरणको वातावरण बन्नसके पुष्पखेतीले किसानको आम्दानी बढाउनुका साथै स्थानीयस्तरमा रोजगारी सृजना गर्न सक्ने उहाँको अनुभव छ ।

तनहुँको म्याग्दे गाउँपालिका-४ छिम्लीश्वाराका बारी यतिबेला सयपत्री फूलले पहेँलपुर बनेको छ । बारीभरि ढकमक्क फुलेका फूल हेर्दा मन लोभिन्छ । तर, फूलको यही सुन्दरता अहिले यहाँका किसानका लागि खुसीसँगै चिन्ताको कारण पनि बनेको छ । कारण हो-तिहार आउनुअगावै फूल फक्रिनु ।

तिहारमा सयपत्री फूलको माग उच्च हुने भएकाले किसानले यही समयलाई लक्षित गरेर खेती गरेका थिए, तर यस वर्ष तिहार ढिलो परेका कारण फूल दसैँलगत्तै फक्रिएको छ । फूल छिटो फुलेपछि तिहारसम्म बिक्री गर्न सकिने हो कि होइन भन्ने चिन्ताले किसानलाई सताउन थालेको छ । "गत वर्ष तिहार छिटो परेको थियो । फूल पनि राम्ररी बिक्री भयो । मागअनुसार पुऱ्याउनै सकेनौँ," चण्डेश्वरी फलफूल तथा तरकारी कृषक समूहकी अध्यक्ष जितमाया रानाले भन्नुभयो, "यसपटक तिहार ढिलो छ । फूल भने दसैँलगत्तै फक्रिन थालेको छ । एक हप्ता अगाडि नै फूल फुलेपछि तिहारसम्म बिक्री हुन्छ कि हुँदैन भन्ने चिन्ता लागेको छ ।"

जितमायाको यो चिन्ता उनको व्यक्तिगतमात्र होइन, समूहमा आबद्ध २३ जना किसानको साझा चिन्ता हो । गत वर्षको राम्रो आम्दानी र बजारमा देखिएको मागले उत्साहित भएका किसानले यसपटक फूलखेतीको क्षेत्रफल झन्डै तीन गुणा बढाएका छन् तर उत्पादन बढेसँगै बिक्रीको अनिश्चितता पनि बढेको छ ।

छिम्लीश्वाराका किसानहरूले गत वर्षदेखि सामूहिक रूपमा सयपत्री फूलखेती सुरु गरेका हुन् । विदेशबाट फूल आयात हुने गरेको देखेपछि आफ्नै ठाउँमा फूल उत्पादन गर्नसके बाहिरबाट फूल ल्याउनुपर्ने अवस्था कम गर्न सकिने उनीहरूको सोच थियो । स्वदेशमै उत्पादन गरेर स्थानीय बजारको माग पूरा गर्ने र किसानको आम्दानी बढाउने उद्देश्यले सुरु गरिएको फूलखेतीले पहिलो वर्षमै उत्साहजनक परिणाम दिएको जितमाया बताउनुहुन्छ ।

गत वर्ष समूहले छ रोपनी क्षेत्रफलमा सयपत्री खेती गरेको थियो । तिहारको समयमा फूलको माग राम्रो भएपछि उनीहरूले उत्पादन गरेको फूल बिक्री गर्न समस्या भएन । मागअनुसार फूल पुऱ्याउन नसक्ने अवस्था आएपछि किसानमा खेती विस्तार गर्ने हौसला बढेको उहाँको भनाइ छ ।

यस वर्ष समूहले खेती विस्तार गरेर १६ रोपनी क्षेत्रफलमा सयपत्री लगाएको छ । गतवर्ष बजारको माग पूरा गर्न नसकेका किसान यस वर्ष उत्पादन भएको फूल नै बिक्री नहुने हो कि भन्ने चिन्तामा छन् ।

फूल फुल्ने समय र तिहारको मितिबीच तालमेल नमिल्दा लक्ष्य पूरा हुनेमा उनीहरू ढुक्क हुनसकेका छैनन् ।

फूल फक्रिने समय, चाडपर्वको माग र बिक्रीको व्यवस्थापन पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । समयमै बिक्री गर्न नसकिए फूलको गुणस्तरमा असर पर्ने र किसानले अपेक्षित मूल्य नपाउने जोखिम रहन्छ ।

फूलखेतीमा किसानले भोगिरहेको अर्को समस्या हो- बजार मूल्य निर्धारण र बिक्री वितरण ।

हामीसँग फूल किनेर लैजाने व्यापारीले उपभोक्तालाई बढी मूल्यमा बिक्री गर्छेन् । "किसानले निकै दु:ख गरेर उत्पादन गरेको हुन्छ । किसान र उपभोक्ताबीच सिधै सम्पर्क भएर खरिद-बिक्री गर्न सके किसानले पनि राम्रो मूल्य पाउँथे, उपभोक्ताले पनि सहज रूपमा फूल पाउन सक्थे ।" ***(रासस)***

तिहार नजिकिँदा दियो बनाउन भ्याइनभ्याई

बाँके, १८ कार्तिक । तिहार पर्व नजिकिँदै गर्दा नेपालगन्जका कुम्हाल बस्तीमा अहिले माटोको भाँडा बनाउन भ्याइनभ्याइ छ । आधुनिकताले हराउँदै गएको माटाको भाँडा बनाउने पुर्ख्यौली पेसालाई जोगाउन यहाँका कुम्हाल समुदायका घरहरूमा अहिले माटो मुछ्ने, चक्र घुमाउने र दियो-पाला सुकाउने कामको व्यस्तता देखिन्छ ।

वर्षभरि सुनसानजस्तै बन्ने यो समुदायमा चाडपर्वको आगमनसँगै रौनक र व्यस्तता एकाएक बढेको नेपालगन्ज उपमहानगरपालिका-१३ का रमेश कुम्हालले बताउनुभयो । उहाँका अनुसार तिहार पर्व नजिकिँदै गर्दा नेपालगन्जका कुम्हाल बस्तीमा अहिले बेग्लै चहलपहल छाएको छ ।

"समय फेरिएसँगै घरगृहस्थीमा स्टिल, प्लास्टिक र आल्मुनियमका भाँडाकुँडाको प्रयोग अत्यधिक बढेको छ । यसले गर्दा माटाका भाँडा बनाउने पेसा सङ्कटतर्फ धकेलिँदै गएको छ । तर, तिहार र छठजस्ता पर्वमा मात्रै माटाका भाँडाको माग हुने गरेकाले पुर्ख्यौली पेसालाई निरन्तरता दिँदै आएका छौँ", रमेशले भन्नुभयो ।

हिन्दू संस्कृतिमा तिहारको दीपमालिका र छठको पूजामा माटाका दियो तथा भाँडाको प्रयोग अनिवार्य मानिन्छ । विद्युतीय झिलीमिली बत्तीको बाढी आए पनि माटोको दियोले बाल्ने उज्यालोको सांस्कृतिक मान्यता र पवित्रता फरक हुन्छ । यही धार्मिक तथा सांस्कृतिक आस्थाका कारण तिहार र छठमा माटाका सामग्रीको माग उच्च हुने गरेको उहाँको भनाइ छ ।

आधुनिक युगमा यो पेसाबाट मात्रै परिवारको जीविकोपार्जन गर्न निकै कठिन बन्दै गएको छ । युवापुस्ता विदेश पलायन हुने वा अन्य पेसातिर लाग्ने क्रम बढेसँगै परम्परागत पेसा सङ्कटमा परेको रमेशको बुझाइ छ । तर पनि पुर्खाको चिनो र संस्कृतिलाई छाड्न नसकेकाले यसलाई निरन्तरता दिँदै आइएको उहाँले बताउनुभयो ।

"चाडपर्वका बेला सबैभन्दा बढी माग दियो र पालाको हुन्छ, माग धान्नकै लागि कुम्हाल परिवारहरू रातदिन नभनी खटिएका छन्", नेपालगन्ज-१३ का दीपक कुम्हालले भन्नुभयो, "अहिले घैँटा, दियो, पाला र भुर्कीलगायतका सामग्री तीव्रगतिमा तयार पारिरहेका छन् ।"

तिहारमा मागअनुसार दियो पुऱ्याउन कठिन हुने भएकाले धेरै पहिलेदेखि नै उत्पादन सुरु गरेको उहाँको भनाइ छ । बजारमा एउटा दियो रु. एकमा बिक्री हुने गरेको छ । गत वर्षको तिहारमा मात्रै ३० हजारभन्दा बढी दियो बिक्री गरेको दीपकले बताउनुभयो ।

दसैँ र तिहारको समयमा नेपालगन्जका मुख्य व्यापारिक तथा व्यस्त क्षेत्रमा माटाका भाँडा किन्नेको भीड लाग्ने गर्छ । विशेषगरी त्रिभुवनचोक, सदरलाइन, त्रिवेणी मोड र धम्बोझीचोकमा माटाका भाँडाको कारोबार र चहलपहल उच्च हुने गरेको नेपालगन्जका उपभोक्ता अधिकारकर्मी प्रभातकुमार ठकुरीले बताउनुभयो ।

। सम्पादकीय ।

शासकहरूमा दास मानसिकता भएसम्म देशको मुहार नफेर्ने

कुनै दलले बहुमतको आधारमा सरकारको नेतृत्व गर्नु स्वाभाविक हो । बहुमत प्राप्त दलले सरकारको नेतृत्व गर्ने हो । तर, बहुमत या ठुलो दलको सरकार भनी मनपरी गर्न पाइँदैन; अरु दललाई पेल्न पाइँदैन । रास्वपाले सरकारको नेतृत्व गरेपछि देशको अर्थतन्त्र मजबुत गर्न र देशलाई आत्मनिर्भर बनाउनेतर्फ केही पाइला चालेको देखिँदैन । देशको अर्थतन्त्र मजबुत नभएसम्म, देशका स्रोत र साधनलाई अधिकतम उपयोग गरेर जनताका आधारभूत आवश्यकता परिपूर्ति नभएसम्म सरकारले बहुमत जनताको पक्षमा काम गरेको मानिदैन । ठुलो दल हुनुको पर्याय कसैलाई तर्साउनु, धम्की दिनु र पोल खोलेर थुन्ने धम्की दिनु होइन ।

सरकारको नेतृत्व परिवर्तन गर्नुको अर्थ नयाँ प्रधानमन्त्री फेर्नु होइन; बरू समाज बदल्नु हो; देशको विकास गर्नु हो; जनताको जीवनस्तर सुधार गर्नु हो । पुरानै सरकारले झैँ पुँजीपति सामन्त, शोषक अपराधीहरूकै पक्षपोषण गर्ने हो भने नयाँ र पुरानो सरकारको भेद के रह्यो ? नेपाली युवाहरू बाध्य भएर बिदेसिइरहन्छ भने नयाँ सरकारको उपलब्धि के रह्यो ? प्रजातन्त्रको ठेक्का लिएको सरकारको आलोचना गर्न पनि देशका उद्योग व्यवसायी, शिक्षक, बुद्धिजीवी र उच्चस्तरीय कर्मचारीहरू डराउँछन् । गत भदौ २३ र २४ गतेका घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनबारे सरकारको भनाइ के हो ? पुस्टि भएको छैन ।

विगतका ३५ वर्षको कमजोर देखाउनु नयाँ सरकारको उपलब्धि होइन । विगतमा सरकारको नेतृत्व गर्ने पुराना दलका नेताहरूले गर्न नसकेको काम अहिलेको सरकारले के गरेको छ ? सुशासनको नारामा विधि कुल्चँदै बालेन सरकार लागेको खबर छापामा आयो । सरकारले छानेर उच्च पदमा राखेका व्यक्तिहरू स्वच्छ छविको नभएको, विदेशी शरणार्थी रहेको कुरा पनि छापामा आयो । सुनिश्चित रोजगारी, गुणस्तरीय स्वास्थ्य सेवा भाषणमा मात्र सीमित रह्यो । स्वास्थ्य बीमाअन्तर्गत पाउनुपर्ने रकम अस्पतालले नपाउँदा स्वास्थ्योपचारमा समस्या देखियो । तैपनि, सरकार या बीमा बोर्डले सो स्वास्थ्य बीमामा भएको खर्च सम्बन्धित अस्पताललाई दिन सकेको छैन । यसमा सरकार चुक्यो ।

कर उठाउने निकाय, मालपोत कार्यालयजस्ता सरकारी संस्थाहरू अकुत सम्पत्ति कमाउने थलो बनेको छ । घूसबिना काम नगर्ने थितिमा परिवर्तन भएको छैन । अनियमितता र ढिलासुस्तिमा सुधार भएको छैन । महँगी बढेको बढ्यै छ । अहिले पनि ग्यास अभाव सुल्झिएको छैन । हत्या हिंसा, उत्ताउला र उच्छृङ्खल गतिविधि बढ्दै छ । आत्महत्याका प्रयासको सङ्ख्या बढेको छ । कसैले कसैलाई टेरपुच्छर नगर्ने, बल र धम्कीको आधारमा राजनीति गर्ने काममा बल पुगेको छ ।

विकास योजनाको काम सुस्त छ । सन्तुलित विकास गर्नेतर्फ सरकारको ध्यान गएको छैन । अधकल्चो काम र कुरा फलाकेर देश विकास सम्भव छैन । अपरिपक्व विचार, अपरिपक्व निर्णयले देश बन्दैन । सिद्धान्त र विचार खोटो भएको दलको सरकारले देशलाई मार्गनिर्देश गर्न सक्दैन । निर्वाचनमा रास्वपाले हल्ला गरेर त जित्यो । तर, सरकार हल्ला गरेर चल्दैन । निर्वाचनमा हल्ला गरेर जितेका नेता, मन्त्री र सांसदहरू अहिले अनुहार देखाउन लाज पचाइरहेका छन् ।

अपरिपक्व बुद्धि र विचारकै कारण कुन मन्त्री र सांसदले कहाँ के बोल्नुपर्छ भन्ने कुराको पनि ख्याल गरेनन् । देशको नेतृत्व तहमा पुगेका जिम्मेवार नेता र मन्त्रीहरू आफ्नो दल र आफूमात्र होइन देशकै बेइज्जत हुने अभिव्यक्ति दिन पछि परेनन् । वर्तमान सरकारका नेता र मन्त्रीहरू नेपाल र नेपालीलाई भन्दा विदेश र विदेशीलाई खुसी पार्न लागेका छन् । विदेशीलाई खुसी पारेर जित्ने र सरकारको आयु बढाउने विगतको सरकारको कार्यशैलीलाई यो सरकारले निरन्तरता दिएको छ । नेपालको बदनाम गराउने काममा सरकार लागिपरेको राजनीतिक विश्लेषकहरूको मत रहेको छ । देशको अर्थतन्त्र मजबुत बनाउने, गाउँ -गाउँ र बस्ती बस्तीमा विकासको लहर पुऱ्याएर जनताको जीवनस्तर उठाउनेतर्फ सरकारले पाइला चालेको देखिँदैन । के भारतीय शासक र अमेरिकी शासकलाई खुसी पारेर नेपाल बन्छ ? के नेपालको अस्तित्व रहन्छ ?

विस्तारवादी भारतीय शासक र साम्राज्यवादी अमेरिकी शासकहरू नेपाललाई आत्मनिर्भर बनाउन चाहँदैनन् । नेपाललगायत अन्य देशलाई आम्दानीको स्रोत बनाउने आफ्नो मातहत या उठबसमा राख्ने विदेशी शासकहरूले नेपाल र नेपालीको भलो चाहँदैनन् । नेपाल अहिलेसम्म विकास नहुनु या नेपालको अनुहार फेर्न नसक्नुको कारण पनि नेपाल सरकारको दास मानसिकता हो । शासकहरूमा दास मानसिकता भएसम्म देशको मुहार फेर्न सकिँदैन । शासकहरू देश र जनताप्रति जिम्मेवार नभएसम्म देश परनिर्भर नै भइरहन्छ । शासकहरू गम्भीर हुनुपर्छ; दूरदर्शी हुनुपर्छ र देश र जनताको सेवा नै आफ्नो स्वार्थ सम्झेर काम गर्नुपर्छ ।

नेपाल-भारत मैत्रीको एक उदाहरण: कोसी योजना

✍ **नाराणमान बिजुक्छें (रोहित)**

यो नेपाली जनतालाई भारतीय पक्षको दान हो कि भारतको निम्ति नेपाली पक्षको त्याग ? कोसी नदी बगिरहेसम्म भारतीय पक्षले नेपाललाई थिचोमिचो गरेको र नेपाल ठगिएको कुरो प्रमाणित गरिरहने छ । संसारको कुनै पनि उपनिवेशवादीहरूले थोपरेको असमान सन्धिहरू भन्दा यो कम छैन । नेपालको निम्ति यो 'नेपाल-भारत मित्रताको गाँठो' वा 'बरदान' हो वा नेपाली जनतामाथि यो औपनिवेशिक कलङ्कको चिनो हो, संसारका सबै चेतनशील जनतालाई थाहा हुनेछ ।

ब्रिटिस भारतले नै सन् १९२८ तिर नेपालका सबै नदीहरूको सर्भे गरी कोसीमा बाँध बाँध्ने योजना बनाएको थियो । तर, भारतमा बढ्दै गएको स्वतन्त्रता आन्दोलन देखेर बेलायती सरकारले भारतमा बढी पुँजी लगाउने योजनालाई त्यागेको थियो । त्यही बेलायती योजनालाई भारतको काङ्ग्रेसी सरकारले केही हेरफेरका साथ कोसी योजनामा लागू गरेको देखिन्छ । कोसी योजनाको सम्झनाले संरा. अमेरिकाले पानामा नहरबारे गरेको सन्धि र बेलायतले हडकडबारे गरेको सम्झौतालाई स्मरण गराउँछ ।

तर, भारतीय राजनेता र प्रचार-साधनहरूले बरोबर नेपाललाई भारतले दिएका सहयोग, सहायता र निर्माण कार्यहरूको उल्लेख गरेर नेपाली जनताको स्वतन्त्रता, गौरव र प्रतिष्ठामाथि ठेस पुऱ्याउने गर्दै आएका छन् । कृतज्ञताको निहुँमा भारतले नेपालका सार्वभौमिकतामाथि थिचोमिचो गर्ने व्यवहार गर्दै आएको छ । भारतले नेपाललाई दिएका सहायता र 'अनुग्रह' मा कोसी योजनालाई पनि बरोबर उल्लेख गर्ने गरेको छ । यसकारण, हामी यसबारे केही तथ्यलाई अगाडि सारेर कसले कसलाई सहायता गरेको छ भन्ने कुरो छानबिन गरौं ।



भारतीय पक्षले गरेको प्रचारअनुसार कोसी योजना नेपाललाई भारतको बरदान हो । त्यसमा लागेको सम्पूर्ण खर्च भारतकै आफ्नो निजी हो, यसले नेपाललाई धेरै फाइदा भएको छ । के यो सत्य हो ? तथ्यले के बताउँछ भने, पहिलो कुरा, कोसी योजनाको निर्माणमा लागेको सबै पैसा भारतको होइन । दोस्रो, यसले नेपाललाई होइन, भारतलाई बढी फाइदा छ । तेस्रो, नेपाललाई यसले ड्याक पारेको छ । तथ्य यी हुन् -

१) कोसी योजनाको निर्माणको निम्ति भारतलाई अमेरिकाले झण्डै ५० करोड ने.रु. आर्थिक सहायता दिएको थियो । यो कुरा राजा महेन्द्र र भारतका तत्कालीन प्रधानमन्त्री लालबहादुर शास्त्रीले कोसीको पश्चिम नहरको शिलान्यास गरेको बेलामा वाशिङटनस्थित भारतीय दूतावासको आफ्नो एउटा सूचनामा प्रस्ट गरिदिएको थियो । (समीक्षा, २७ सेप्टेम्बर १९७४)

२) कोसी योजनाको निर्माणको क्रममा नेपालले करोडौँ रूपैयाँका काठ र ढुङ्गाहरूबिना पैसाले भारतलाई दिएको थियो ।

कोसी योजनाको नहर निर्माणले नेपाललाई हुने फाइदाबारे पनि हेरिहालौँ -

१) कोसी बाँधको निर्माणले भारतको बिहार राज्यमा हरेक वर्ष बाढीबाट हुने ठुलो धनजनको क्षतिलाई रोकेको छ ।

२) पूर्वी नहरले भारतको १८ लाख ३४ हजार एकड जमिन सिँचाइ हुन्छ । यसले बिहार राज्यको कृषि उत्पादनको आम्दानीमा धेरै ठुलो वृद्धि गरेको छ ।

३) पश्चिम नहरबाट भारतको ९ लाख ४० हजार एकड जमिन सिँचाइ हुन्छ । (नयाँ समाज दैनिक, १७ सेप्टेम्बर १९७४)

यस हिसाबले त्यस योजनाबाट के नेपाललाई एक प्रतिशत पनि फाइदा भएको छ ? कोसी योजनाबाट कोसी बाँध मात्रै बनेन बरु त्यसको सामानले भारतमा हजारौँ घरहरू पनि बनेका थिए । सबैजसो ज्यामी भारतबाट ल्याइएका थिए । तर, फाइदाको नाम भने नेपालकै छ ।

भारतलाई फाइदा भएकोमा नेपाली जनता खुसी छन् । तर, नेपाललाई बेफाइदा भएकोमा त्यस्तै दुःखी र असन्तुष्ट छन् ।

नेपाललाई यसले अनेक बेफाइदा भएका छन्, जस्तै :-

१) पश्चिमी नहरको लगभग ३३ किलोमिटर जति भाग नेपालको उब्जाउ सरहदभित्र पर्दछ ।

२) बाँध बाँध्ने ठाउँमा लगभग २७ किलोमिटर अथवा ४०० बिघा जमिन नेपालकै परेको छ ।

३) कोसी बाँध (ब्यारेज) ले गर्दा बाढी आउँदा दायाँबायाँका हजारौँ विघा जग्गा जलमग्न हुन्छ । (नयाँ समाज, १७ सेप्टेम्बर १९७४)

सरल हिसाबले पनि नेपालको १६,००० बिघा जग्गा कोसीको दुबार क्षेत्रमा पर्दछ र १६,००० कोलनी बनाउनमा परेको छ ।

कोसीको बाँधले गर्दा वर्सेनि नेपालको ६०,००० टन अन्न आउने जग्गा बाढीले खान्छ र १०,००० टन अन्न आउने जग्गा योजनामा परेको छ । यसप्रकार नेपालले वर्षको ७० हजार टन अन्न चोखै ड्याक सहनुपरेको छ । (एभरेस्ट साप्ताहिक, पेकिचङ रिभ्यू, ३ जनवरी १९७४)

वर्षको ३०-४० लाख रूपैयाँको कृषि उत्पादन दिन सक्ने नेपाली जमिन कोसी योजनाले जलमग्न भएको हुन्छ । (समीक्षा, २७ सेप्टेम्बर १९७४)

योजनाबाट नेपाललाई वार्षिक ७०,००० टन अन्न मात्रै क्षति भएको हिसाब लगाएमा पनि एक मनको ५० भा.रु.को दरले वर्षमा नेपालले सवा नौ करोड भा.रु. अथवा ने.रु. १२-१३ करोड क्षति भोगेको छ । २० वर्षभित्र नेपालले यसबाट २ अरब ५० करोडभन्दा बढी क्षति भोगेको छ । यो रकम भारतले नेपाललाई २० वर्षभित्र दिएको सहायताभन्दा दोब्बर छ ।

कोसीको पश्चिमी नहरबाट भारतलाई जहाँ ९ लाख ४० हजार एकड जमिन सिँचाइ हुन्छ भने नेपालको ३५ हजार एकड जमिन सिँचाइ हुन्छ । सम्झौताअनुसार ३५ हजार एकड जमिनको सिँचाइको निम्ति चतरा नहर भारतले नै बनाइदिनुपर्दथ्यो । त्यो राम्रोसँग पूरा गरिदिएको थिएन र भारततर्फ बनेको नहरको तुलनामा नेपालको नहर एकदमै कच्चा र काम नलाग्ने किसिमले बनाइएको थियो । अर्कोतिर यो नहर कच्चा र अपूरै नेपाललाई हस्तान्तरण गरेर भारतीय पक्षले नेपाललाई वर्षको लाखौँ रूपैयाँको मर्मतको बोझ बोकाएको छ ।

फेरि सम्झौताअनुसार योजनाभित्र परेको जग्गाको मुआब्जा भारतले बेहोर्नु पर्दथ्यो । तर, भारतले नेपाली उब्जनी जग्गाको मुआब्जा भारतीय जग्गाको मुआब्जाभन्दा धेरै कम दिनुको साथै नदिने नियतले आलटाल गरेको थियो ।

सम्झौताअनुसार नेपाललाई भारतले १० हजार किलोवाट बिजुली दिनुपर्दथ्यो किनभने यो बिजुली नेपालको जग्गाभित्र पर्दथ्यो । यो बिजुली भारतले नेपाललाई सित्तै दिने होइन बरु नेपालले आफ्नै देशमा उत्पादन भएको बिजुली भारतसँग पैसा तिरेर लिन्छ ।

यस विषयमा पनि भारतीय पक्षले नेपाललाई ठुलो गुण गरेको जस्तो बखान गर्दछ । तर अन्तर्राष्टिय सम्झौताले के देखाउँछ भने नेपाल र भारतको बिचको यो सम्झौताले उल्टो बाटो लिएको छ ।

कोलोम्बिया नदी योजनाबारे संरा अमेरिका र क्यानाडाको बिचमा एक सम्झौता छ । कोलोम्बिया योजना क्यानाडाको भूभागमा पर्दछ र संरा अमेरिकाले त्यसमा बिजुली उत्पादन गर्छ । अमेरिकाले उत्पादन गर्ने त्यस बिजुलीलाई अमेरिकाले क्यानाडासँग पूरा मोल तिरेर किनेको मात्रै होइन कि पचास वर्षसम्म अमेरिकाले किन्ने बिजुलीको पूरा मूल्य बैनाको रूपमा क्यानाडालाई दिएको थियो । (समीक्षा, २७ सेप्टेम्बर १९७४)

तर कोसी योजनाबाट उत्पादन हुने बिजुलीबारे कुरो उल्टो छ । नेपालमा उत्पादन हुने बिजुली नेपालले भारतसँग उसकै मूल्य र निगाहामा किन्नुपर्छ । बिजुलीको पूर्तिको अनियमितताले नेपालका स्थानीय कलकारखाना बन्द हुन्छन् । भारतले नेपाललाई बैना दिने र किन्ने कुरा त झन् परको कुरा हो ।

यसरी हामी देख्छौं- कोसी योजनाले नेपाललाई होइन, भारतलाई बढी फाइदा छ । यस योजनाबाट भारतलाई बाढीबाट बचाएको छ, लाखौँ एकड जमिन सिँचेर उत्पादनमा ठुलो वृद्धि गरेको छ, नेपालकै जग्गाबाट सस्तो बिजुली पनि उत्पादन गर्न पाएको छ, साथ-साथै बिजुलीको पैसा पनि पाएको छ । जब कि योजनामा नेपालको पनि धन-जन त्यसमा लगानी गरिएको थियो । तापनि, नेपालले बाढीको मार सहनु परेकै छ, आफ्नै देशमा उत्पादित बिजुली पनि विदेशसँग पैसा दिएर किन्नु परेको छ । यी सब कुराले प्रस्ट गर्छ कि कोसी योजनाले नेपाललाई लाभ छ कि भारतलाई ?

यो नेपाली जनतालाई भारतीय पक्षको दान हो कि भारतको निम्ति नेपाली पक्षको त्याग ? कोसी नदी बगिरहेसम्म भारतीय पक्षले नेपाललाई थिचोमिचो गरेको र नेपाल ठगिएको कुरो प्रमाणित गरिरहने छ । संसारको कुनै पनि उपनिवेशवादीहरूले थोपरेको असमान सन्धिहरू भन्दा यो कम छैन । नेपालको निम्ति यो 'नेपाल-भारत मित्रताको गाँठो' वा 'बरदान' हो वा नेपाली जनतामाथि यो औपनिवेशिक कलङ्कको चिनो हो, संसारका सबै चेतनशील जनतालाई थाहा हुनेछ ।

प्यालेस्टिनमा संयुक्त राष्ट्रसङ्घको सुरक्षा बल तत्काल तैनाथ गरिनुपर्छ !

✍ समेर जाबेर

दशकौँदेखि, इजरायली-प्यालेस्टिनी द्वन्द्वप्रतिको अन्तर्राष्ट्रिय प्रतिक्रिया राजनीतिक समाधानको खोजीमा केन्द्रित रहँदै आएको छ ।

आज, यो रणनीतिले अझ बढी जरुरी विषयलाई झन्झन् ओझेलमा पारिरहेको छ - प्यालिस्टिनमा जारी औपनिवेशीकरणका कारण प्यालेस्टिनी सर्वसाधारणको जीवन र सामाजिक संरचनाहरू गम्भीर खतरामा छन् ।

गाजामा नरसंहारकारी युद्धले ७४ हजारभन्दा बढी मानिसहरूको ज्यान लिएको छ र थप हजारौँ मानिसको अकाल मृत्यु हुनसक्ने अवस्था छ । यसले सम्पूर्ण बस्ती र अत्यावश्यक पूर्वाधारहरूलाई नामेट पारिदिएको छ; शिक्षा तथा स्वास्थ्य सेवा प्रणालीहरूलाई धराशायी हुने अवस्थामा पुऱ्याएको छ ।

कब्जा गरिएको पश्चिम किनारा र पूर्वी जेरुसेलममा विनाशका विभिन्न संयन्त्र क्रियाशील छन्, बसोबासकर्ता तथा सैन्य हिंसा, जबरजस्ती विस्थापन, आवतजावतमा प्रतिबन्ध, कृषि भूमि तथा जीविकोपार्जनमा स्रोतहरूमा पहुँच गुम्नु, प्यालेस्टिनी नागरिक प्रशासनमाथि आर्थिक दबाब आदि ।

यी नीतिले प्यालेस्टिनी समुदायहरूको अस्तित्व कायम राख्ने क्षमतामा असर पार्छ । यही कारणले इजरायली हिंसा रोक्न मात्र नभई प्यालेस्टिनी विद्यालय, अस्पताल, जीविकोपार्जनका साधन र सहायतामाथिको पहुँचको रक्षा गर्न पनि अन्तर्राष्ट्रिय सुरक्षा बलको तत्काल आवश्यकता छ ।

प्यालेस्टिनी अस्तित्व खतरामा

प्यालेस्टिनी भूमिमा उपनिवेशीकरण दशकौँदेखि चलिरहेको छ । तर, अक्टोबर २०२३ यता यो प्रक्रिया यति तीव्र भएको छ कि प्यालिस्टिनमा प्यालेस्टिनीहरूको जीवनयापन असम्भव नै बनेको छ ।

इजरायलले प्यालेस्टिनीहरूको हत्या मात्र गरिरहेको छैन; यसले मानवीय जीवनलाई अड्याउने हरेक आधारस्तम्भ - आवास, स्वास्थ्य सेवा, शिक्षा, जीविकोपार्जन र सुरक्षालाई पनि नष्ट गरिरहेको छ ।

इजरायली सेनाले गाजामा रहेका संरचनाहरूको करिब ८१ प्रतिशत हिस्सा ध्वस्त पारेको छ र १९ लाख मानिसलाई घरबारविहीन तथा विस्थापित बनाएको छ । यस क्षेत्रका अधिकांश बासिन्दाहरू पाल वा अस्थायी आश्रयस्थलहरूमा बस्छन्, जुन लामो समयसम्म मानिसको बसोबासका लागि उपयुक्त छैन ।

कब्जा गरिएको पश्चिम किनारा र पूर्वी जेरुसेलममा, भवन निर्माण अनुमतिपत्र नभएको निहुँमा घरहरू भत्काउने क्रम बढेको छ । अल-हक अनुसार, सन् २०२३ देखि २०२५ को मध्यसम्मको अवधिमा इजरायली सेना र बसोबासकर्ताहरूद्वारा ४६ वटा प्यालेस्टिनी समुदायहरूलाई जबरजस्ती विस्थापित गरिएको थियो । पश्चिम किनाराको मुटुमा रहेका केही क्षेत्रलगायत अन्य समुदायहरू नराम्ररी क्षतग्रस्त भएका छन्; यसमा जेनिन, नुर शम्स र तुल्कारेमका शरणार्थी शिविरहरू पनि समावेश छन् । हालैका दिनहरूमा हेब्रोनलाई घेराबन्दी गरिएको छ र त्यहाँ घरहरू भत्काइएका छन्; करिब ५ हजार मानिस विस्थापित भएका छन् भने कम्तीमा १२० जनालाई नियन्त्रणमा लिइएको छ ।

स्वास्थ्य सेवा र शिक्षा क्षेत्रले ठुलो विनाश भोगिरहेका छन् । गाजामा ३६ भध्ये १९ अस्पताल र १५८ मध्ये ७३ प्राथमिक स्वास्थ्य केन्द्रहरू मात्र आंशिक रूपमा सञ्चालनमा छन् । युनिसेफका अनुसार युद्धको समयमा गाजाका ९८ प्रतिशत विद्यालयहरू ध्वस्त वा क्षतिग्रस्त भएका थिए ।

इजरायलले प्यालेस्टिनी प्राधिकरण (पीए) लाई प्राप्त हुने कर राजस्व रोकिदिएका कारण, कब्जा गरिएको पश्चिम किनारामा अस्पतालहरूमा बजेटको चरम अभाव छ । फलस्वरूप, अस्पतालहरू कम क्षमतामा सञ्चालन हुन्छन्, बढ्दो सङ्ख्यामा सेवाहरू अनुपलब्ध हुँदै जान्छन्, जबकि सयौँ इजरायली चेकपोइन्टहरूले आपत्कालीन उपचार सेवालाई राम्रोसँग काम गर्नबाट रोक्छन् ।

पश्चिम किनारामा शिक्षा क्षेत्र पनि खतरामा छ । कब्जा गरिएको पूर्वी जेरुसेलमलगायतका क्षेत्रमा रहेका कम्तीमा ८४ वटा विद्यालय कि त भत्काइनुपर्ने अवस्थामा छन् कि त तिनमा काम रोक्न आदेश दिइएको छ । यसैबिच, लाखौँ बालबालिका इजरायलले आवागमनमा लगाएको प्रतिबन्धहरूसँग जुधिरहेका छन, जसका कारण उनीहरू प्रायः विद्यालय पुग्न असमर्थ हुन्छन् ।

प्यालेस्टिनीहरूको जीविकोपार्जन पनि तहसनहस भएको छ । गाजामा गरिएको व्यापक बमबारीले त्यहाँको अर्थतन्त्रलाई लगभग ध्वस्त पारिदिएको छ; जबकि, इजरायली नाकाबन्दीका कारण उक्त अर्थतन्त्र पहिले नै जर्जर अवस्थामा थियो ।

कब्जा गरिएको पश्चिम किनारमा, इजरायली बसोबासकर्ताहरूद्वारा गरिने हिंसात्मक आक्रमणहरूमा भएको वृद्धि, जग्गाको अतिक्रमण र इजरायली सेनाद्वारा विभिन्न क्षेत्रहरूलाई 'सुरक्षा क्षेत्र' घोषणा गर्ने कार्यले प्यालेस्टिनी किसानहरूलाई उनीहरूको जमिनबाट विच्छेद गराएको छ । धेरै



मानिसहरू लगातार तीन वर्षदेखि बाली लगाउन वा भित्र्याउन असमर्थ भएका छन्, जसले उनीहरूको आम्दानीको प्राथमिक स्रोत नै समाप्त पारिदिएको छ ।

प्यालेस्टिनी कृषि क्षेत्र धराशायी भइरहेको बेला, विश्व खाद्य कार्यक्रमले गाजा र पश्चिम किनारामा रहेका लाखौँ प्यालेस्टिनीहरूका लागि उपलब्ध गराइने मासिक खाद्य राशनमा कटौती गर्ने घोषणा गरेको छ ।

रोजगारीका अवसरहरू निकै खुम्चिएका छन् । इजरायली अधिकारीहरूले ती काम तथा यात्रा अनुमतिपत्रहरू खारेज गरेका छन्, जसले प्यालेस्टिनीहरूलाई इजरायली उद्यमहरूमा काम गर्न अनुमति दिन्थे ।

गाजामा ९० प्रतिशतभन्दा बढी प्यालेस्टिनीहरू कामविहीन छन् भने, आधिकारिक तथ्याङ्कअनुसार पश्चिम किनारामा बेरोजगारी दर सन् २०२३ यता दोब्बर भएर २०२६ मा २९.५ प्रतिशत पुगेको छ ।



इजरायली मेसिनरीले २३ अक्टोबर, २०२६ मा इजरायली कब्जामा रहेको पश्चिम किनाराको हेब्रोनमा एउटा प्यालेस्टिनी घर भत्काउँदै ।
(मुसा कावासमा/रोयटर्स)

यसैबिच, प्यालेस्टिनी जनजीवन सञ्चालन गर्ने जिम्मेवारी पाएको प्यालेस्टिनी प्राधिकरण इजरायलको सुरक्षासम्बन्धी उप-ठेकेदारमा परिणत भएको छ । सन् २०२६ सम्ममा, प्यालेस्टिनी प्राधिकरणको तर्फबाट सङ्कलन गरिएको कर तथा भन्सार राजस्वमध्ये करिब ४.८ देखि ५ अर्ब डलर इजरायलले रोकेर राखेको छ । यद्यपि, यसले प्यालेस्टिनी प्राधिकरणको सुरक्षा संयन्त्रले काम गरिरहने र आफ्नो तर्फबाट प्यालेस्टिनी जनताको दमनमा सक्रिय रूपमा संलग्न रहने कुरा सुनिश्चित गर्न पर्याप्त रकम हस्तान्तरण गरेको छ ।

यो सबै कुरा निरन्तर चलिरहेको औपनिवेशिक हिंसाको पृष्ठभूमिमा भइरहेका छन् । गाजामा, इजरायली सेनाले प्यालेस्टिनीहरूमाथि दैनिक रूपमा बमबारी गर्छ, गोलाबारी गर्छ र गोली चलाउँछ । कब्जा गरिएको पश्चिम किनारमा, इजरायली बसोबासकर्ता र सैनिकहरू हत्या गर्छन्, आक्रमण गर्छन्, आगजनी गर्छन् र लुटपाट मच्चाउँछन् ।

यदि कुनै जनसङ्ख्याले आवासको पहुँच गुमाउँछ, छाक टार्न सक्दैन, स्वास्थ्य सेवा पाउन वा बालबालिकालाई शिक्षा दिलाउन सक्दैन, अनि निरन्तर हिंसाको सामना गर्छ भने, त्यो कसरी बाँच्न सक्छ ? यो सम्भव छैन । यही त्यो वास्तविकता हो जसको सामना आज प्यालेस्टिनीहरूले गरिरहेका छन् ।

सुरक्षा बलको आवश्यकतासम्बन्धी तर्क

इजरायलले अन्तर्राष्ट्रिय मानवीय कानुनका प्रमुख आधारभूत पक्षहरूको उल्लङ्घन गरिरहेको अवस्थामा, प्यालिस्टिनमा सुरक्षा बल तैनाथ गर्नका लागि स्पष्ट कानुनी आधार विद्यमान छ ।

संयुक्त राष्ट्रसङ्घको बडापत्रमा सुरक्षा परिषद्लाई शान्ति मिसनहरू अनुमोदन गर्ने अधिकार दिइएको छ तर प्यालिस्टिनको सन्दर्भमा भने यो व्यवहारिक रूपमा असम्भव छ; किनकि अमेरिकाले भिटो प्रयोग गर्ने कुरा लगभग निश्चितजस्तै छ । सन् १९५० को 'शान्तिको लागि एकताबद्ध हुने' नजिरमा एउटा वास्तविक विकल्प विद्यमान छ । यस व्यवस्थाअन्तर्गत, सुरक्षा परिषद् निष्क्रिय भएको अवस्थामा संयुक्त राष्ट्रसङ्घको महासभाले बल प्रयोगलगायतका सामूहिक उपायहरू अपनाउन सिफारिस गर्नसक्छ । सन् १९५० यता यो संयन्त्र करिब एक दर्जन पटक प्रयोगमा ल्याइएको छ, जसमध्ये सबैभन्दा पछिल्लो उदाहरण सन् २०२२ मा युक्रेनसम्बन्धी घटनाक्रममा देख्न सकिन्छ ।

अन्तर्राष्ट्रिय न्यायालयले प्यालेस्टिनी भूमिमा इजरायलको कब्जा गैरकानुनी रहेको र यसलाई अन्त्य गरिनुपर्ने निष्कर्ष निकालेको छ ।

अन्तर्राष्ट्रिय न्यायालयले इजरायलको यो दायित्व रहेको ठहर गरेको छ कि उसले गाजा पट्टीमा सहायता सामग्री पुहुँच सहज बनाउनुपर्छ, यस्तो पहुँच जसलाई इजरायलले सक्रिय रूपमा अवरुद्ध पार्दै आएको छ ।

यद्यपि, परामर्शमूलक रायहरू बाध्यकारी हुँदैनन् तर तिनले कब्जाकर्ता शक्तिको रूपमा इजरायलमाथि नै पूर्ण जिम्मेवारी सुम्पने भएकोले उक्त जिम्मेवारी कार्यान्वयन गराउन माग गर्ने कानुनी आधार प्रदान गर्छन् ।

इजरायल एक कब्जा जमाउने शक्ति मात्र होइन, बरु प्यालेस्टिनी जनताको सामूहिक नागरिक जीवन र राष्ट्रिय अस्तित्वलाई ध्वस्त पार्न सक्रिय रूपमा लागिपरेको पक्ष पनि हो ।

त्यसो भए, सुरक्षा बल कसरी गठन गर्न सकिन्छ ?

संयुक्त राष्ट्रसङ्घको बडापत्रमा सुरक्षा परिषद्लाई शान्ति मिसनहरू अनुमोदन गर्ने अधिकार दिइएको छ तर प्यालिस्टिनको सन्दर्भमा भने यो व्यवहारिक रूपमा असम्भव छ; किनकि अमेरिकाले भिटो प्रयोग गर्ने कुरा लगभग निश्चितजस्तै छ । सन् १९५० को 'शान्तिको लागि एकताबद्ध हुने' नजिरमा एउटा वास्तविक विकल्प विद्यमान छ । यस व्यवस्थाअन्तर्गत, सुरक्षा परिषद् निष्क्रिय भएको अवस्थामा संयुक्त राष्ट्रसङ्घको महासभाले बल प्रयोगलगायतका सामूहिक उपायहरू अपनाउन सिफारिस गर्नसक्छ । सन् १९५० यता यो संयन्त्र करिब एक दर्जन पटक प्रयोगमा ल्याइएको छ, जसमध्ये सबैभन्दा पछिल्लो उदाहरण सन् २०२२ मा युक्रेनसम्बन्धी घटनाक्रममा देख्न सकिन्छ ।

संयुक्त राष्ट्र सुरक्षा परिषद्को प्रस्तावभन्दा फरक, यस्तो सिफारिस बाध्यकारी हुँदैन; यसको प्रभाव दबाबमूलक हुनुभन्दा पनि राजनीतिक प्रकृतिको हुन्छ । यद्यपि, यसले ती राज्यहरूको गठबन्धनलाई वैधता प्रदान गर्न सक्छ, जो कारबाही गर्न चाहन्छन् तथा सुरक्षा बल खताउन र त्यसका लागि आर्थिक स्रोत जुटाउन तत्पर छन् ।

यो गठबन्धनले - जसमा सम्भावित रूपमा दक्षिण अफ्रिका (जसले पहिले नै अन्तर्राष्ट्रिय न्यायालयमा नरसंहारसम्बन्धी मुद्दाको नेतृत्व गरिसकेको छ) का साथै अरब लिग र इस्लामिक सहयोग सङ्गठनका सदस्य राष्ट्रहरू समावेश हुन सक्छन्, यस विषयलाई संयुक्त राष्ट्रसङ्घको महासभामा लैजानुपर्ने हुन्छ ।

वासिङटनमाथि दबाब कायम राख्दै यो बाटो अपनाउन सकिन्छ किनकि दिगो सुरक्षा सुनिश्चित गर्नका लागि अमेरिकी अवरोधलाई स्थायी रूपमा छलेर हिँडनुभन्दा बरु त्यो अवरोधलाई हटाउनु नै आवश्यक हुन्छ ।

प्यालिस्टिनमा अन्ततः तैनाथ गरिने सुरक्षा बलसँग प्यालेस्टिनीहरूको जीवनमा आइपर्ने खतराहरूका सन्दर्भमा कदम चाल्ने स्पष्ट कार्यादेश हुनुपर्छ । यसले हेब्रोनमा भएको अस्थायी अन्तर्राष्ट्रिय उपस्थितिको नक्कल गर्नु हुँदैन, जुन १९९४ र २०१९ को बिचमा सञ्चालन भएको थियो र हस्तक्षेप गर्ने कुनै जनादेशबिना दुर्व्यवहारहरू अवलोकन गर्ने र रिपोर्ट गर्ने काममा मात्र सीमित थियो ।

सुरक्षा बललाई प्यालेस्टिनीहरूलाई सुरक्षित राख्न र समुदाय तथा बसोबास गर्नेहरूबिच भौतिक बफर स्थापना गर्न आदेश दिनुपर्छ, जसमा आक्रमणहरूलाई केवल दस्ताबेजीकरण गर्नुको सट्टा रोक्ने अधिकार हुनुपर्छ । वर्तमान परिस्थितिमा यस्तो अन्तर्राष्ट्रिय सुरक्षा बलको तैनाथी प्राथमिकता हुनुपर्छ ।

प्यालेस्टिनी समाजको सुरक्षालाई आफैमा एउटा स्वतन्त्र विषयको रूपमा लिनुपर्छ । अन्तिम राजनीतिक समाधान जेसुकै भए पनि, प्यालेस्टिनी सर्वसाधारणको सामाजिक, आर्थिक र सांस्कृतिक आधारहरूलाई जोगाउने कार्यलाई राजनीतिक समाधान नआउञ्जेलसम्मका लागि पछि सार्न सकिँदैन ।

इरानका सर्त पूरा नभएसम्म हर्मुज जलडमरु नखुल्ने



अमेरिकी आक्रमणबिच इरानको राजधानी तेहरानको मध्य भागमा साम्राज्यवादी गुण्डागर्दीको विरोध गर्दै भएको विशाल विरोध प्रदर्शन नोभेम्बर ४, २०२६ को दिन । तस्बिर : प्रेस टिभी

तेहरान, ४ नोभेम्बर (सिन्हुवा) । इरानले हर्मुज जलडमरु पुन: खोल्नुअघि अमेरिकाले आफ्ना सातवटै सर्त स्पष्ट रूपमा सम्बोधन गरी कार्यान्वयन गर्नुपर्ने जनाएको छ । इरानका एक उच्च सुरक्षा अधिकारीले अमेरिकी प्रतिक्रियाप्रति असन्तुष्टि जनाउँदै माग पूरा नभएसम्म जलडमरु नखोलिने स्पष्ट पारेका छन् ।

इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव मोहसेन रेजाईले सामाजिक सञ्जाल एक्समा अमेरिकाको प्रतिक्रिया विश्वसनीय नरहेको उल्लेख गर्नुभएको छ । इरानका अधिकार र मागलाई पूर्ण रूपमा सम्बोधन गरी कार्यान्वयन गरेपछि मात्रै हर्मुज जलडमरु पुन: खोलिने उहाँको भनाइ छ ।

यसैबिच, इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले पनि आफ्ना माग पूरा नभएसम्म अमेरिकासँग कुनै सम्झौता नहुने बताउनुभएको छ । उहाँले लेबनानसहित सबै मोर्चामा युद्ध अन्त्य गर्ने प्रतिबद्धता कुनै पनि कूटनीतिक प्रक्रियाको प्रमुख र सम्झौता गर्न नसकिने सर्त भएको स्पष्ट पार्नुभएको छ ।

इरानका अनुसार गत जुन १८ मा इरान र अमेरिकाबिच हस्ताक्षर भएको समझदारीपत्रको पहिलो बुँदामै सबै मोर्चामा युद्ध अन्त्य गर्ने विषय उल्लेख छ ।

यसअघि सेप्टेम्बर २२ मा इरानले मध्यस्थकर्तामार्फत अमेरिकासमक्ष शत्रुता अन्त्य गर्न र आफ्ना सर्त पूरा भए सात दिनभित्र हर्मुज जलडमरु खोल्ने प्रस्ताव पठाएको थियो । त्यसपछि दुवै पक्षबिच सन्देश आदानप्रदान भएको थियो । इरानले आफ्नो प्रस्तावप्रति सद्भाव देखाउँदै सात दिनको समयसीमालाई दुई दिनमा झारेको बाघाईले सोमबार बताउनुभएको थियो ।

गत फेब्रुअरी २८ मा इजरायल र अमेरिकाले तेहरानसहित इरानका विभिन्न सहरमा संयुक्त आक्रमण सुरु गरेका थिए । त्यसको जवाफमा इरानले इजरायल तथा मध्यपूर्व क्षेत्रमा रहेका अमेरिकी सैन्य अखडा र सम्पत्तिलाई लक्षित गरी क्षेप्यास्त्र तथा ड्रोन आक्रमण गरेको थियो । त्यससँगै इरानले हर्मुज जलडमरुमाथिको नियन्त्रण पनि कडा बनाएको थियो ।

दुवै पक्षबिच अप्रिल ८ मा युद्धविराम भएको थियो । त्यसपछि जुन १८ मा इरान र अमेरिकाले यस क्षेत्रका सबै मोर्चामा युद्ध अन्त्य गर्ने समझदारीपत्रमा हस्ताक्षर गरेका थिए ।

समझदारीअनुसार दुवै देशले इरानको आणविक कार्यक्रमबारे अन्तिम सहमतिमा पुग्न र प्रतिबन्ध हटाउने विषयमा ६० दिनभित्र वार्ता गर्ने तय भएको थियो । उक्त समयसीमा अगस्ट १७ मा समाप्त हुने भए पनि बढ्दो तनावका कारण वार्तामा उल्लेख्य प्रगति हुन सकेन ।

ग्रिनल्यान्डमा अमेरिकी सैन्य उपस्थिति विस्तार गर्ने सम्झौता अनुमोदन

नुक (ग्रिनल्याण्ड), ४ नोभेम्बर (क्युएनए) । ग्रिनल्याण्डको संसद्ले अमेरिका र डेनमार्कसँग भएको सुरक्षा सम्झौता अनुमोदन गरेको छ । रणनीतिक रूपमा महत्त्वपूर्ण आर्कटिक क्षेत्रस्थित यस टापुमा सुरक्षा सहकार्य विस्तार गर्ने र अमेरिकी सैन्य उपस्थिति बढाउने उद्देश्यले गरिएको सम्झौतालाई अमेरिकी संसदीय समर्थन प्राप्त भएको हो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, डेनमार्कका प्रधानमन्त्री मेटे फ्रेडरिक्सन र ग्रिनल्याण्डका प्रधानमन्त्री जेन्स फ्रेडरिक निल्सनले गत सेप्टेम्बर २२ मा हस्ताक्षर गरेको सम्झौतामा टापुमा अमेरिकी सैन्य उपस्थिति विस्तार गर्ने व्यवस्था छ । साथै, सम्झौताले ग्रिनल्याण्डमाथि डेनमार्कको सार्वभौमिकता र त्यहाँका जनताको आत्मनिर्णयको अधिकारलाई समेत पुन: पुष्टि गरेको भनिए तापनि कमजोर बनाएको छ ।

मङ्गलबार भएको संसदीय मतदानमा १६ सांसदले सम्झौताको पक्षमा मतदान गरेका थिए भने विपक्षमा कसैले पनि मत दिएनन् । सात जना सांसद मतदानमा अनुपस्थित रहे । अधिकांश सांसदले गत महिना भएको प्रारम्भिक छलफलमै सम्झौताको समर्थन गर्ने सङ्केत गरिसकेका थिए ।

ग्रिनल्याण्डका विदेशमन्त्री मुट इगेडले अन्तर्राष्ट्रिय परिस्थिति थप अनिश्चित बन्दै गएको अवस्थामा टापुको सुरक्षा र भविष्यको संरक्षणका लागि सम्झौताको अनुमोदन महत्त्वपूर्ण कदम भएको बताएका छन् ।

ग्रिनल्याण्ड र डेनमार्क दुवैमा आवश्यक संसदीय प्रक्रिया पूरा भएपछि सम्झौता कार्यान्वयनमा आउनेछ । डेनमार्कको संसद्मा नोभेम्बर ११ मा विधेयकमाथि पहिलोपटक छलफल हुने र दोस्रोपटक छलफलपछि नोभेम्बर १९ मा मतदान गर्ने कार्यतालिका रहेको छ ।

विश्व सङ्क्षेप

रोहिङ्ग्या नरसंहार मुद्दामा नोभेम्बर १९ मा फैसला आउने

द हेग, ४ नोभेम्बर (एएफपी) । संयुक्त राष्ट्रसङ्घको सर्वोच्च अदालत अन्तर्राष्ट्रिय न्यायालय (आइसीजे) ले म्यान्मामा रोहिङ्ग्या मुस्लिममाथि भएको दमन नरसंहार हो वा होइन भन्ने विषयमा नोभेम्बर १९ मा ऐतिहासिक फैसला सुनाउने भएको छ ।

गाम्बियाले सन् २०१९ मा म्यान्माविरुद्ध सन् १९४८ को नरसंहार महासन्धि उल्लङ्घन गरेको आरोपमा मुद्दा दायर गरेको थियो । सात वर्षसम्म सुनुवाइ र विचारपछि अदालतले फैसला गर्न लागेको हो ।

सन् २०२१ को सैन्य विद्रोहअघि रोहिङ्ग्यामाथिको दमनमा सेनाको नेतृत्व गर्नुभएका म्यान्माका नेता मिन आङ ह्लाइङमाथि फैसलाले अन्तर्राष्ट्रिय दबाब बढाउन सक्नेछ । यसै वर्ष निर्वाचनपछि राष्ट्रपति बन्नुभएका उहाँ अन्तर्राष्ट्रिय वैधता प्राप्त गर्ने प्रयासमा हुनुहुन्छ ।

म्यान्माले नरसंहारको आरोप अस्वीकार गर्दै सैन्य कारबाही विद्रोहीलक्षित रहेको दाबी गर्दै आएको छ । सेनाको दमनपछि लाखौँ रोहिङ्ग्या बङ्गलादेश पलायन भएका थिए । उनीहरूले हत्या र सामूहिक बलात्कारका घटना भोग्नुपरेको बताएका छन् । अहिले १० लाखभन्दा बढी रोहिङ्ग्या बङ्गलादेशका शरणार्थी शिविरमा बसिरहेका छन् ।

आइसीजेले सन् २०२० मै म्यान्मालाई रोहिङ्ग्या समुदायको नरसंहार रोक्न आवश्यक सबै उपाय अपनाउन आदेश दिएको थियो । अदालतले म्यान्माको क्षेत्राधिकारसम्बन्धी आपत्तिसमेत अस्वीकार गरेको थियो ।

यस मुद्दाको फैसला गाजामा इजरायलको सैन्य कारबाहीलाई लिएर दक्षिण अफ्रिकाले दायर गरेको नरसंहारसम्बन्धी मुद्दाका लागि पनि महत्त्वपूर्ण नजिर बन्न सक्ने कानुनविद्हरूको भनाइ छ ।

यसैबिच, रोहिङ्ग्यामाथिका कथित अपराधबारे अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) मा पनि अनुसन्धान भइरहेको छ । सन् २०२४ मा प्रमुख अभियोजकले मिन आङ ह्लाइङलाई पक्राउ गर्न अनुमति मागेका थिए । अर्जेन्टिनामा पनि विश्वव्यापी क्षेत्राधिकारको सिद्धान्तअन्तर्गत यस विषयमा मुद्दा अघि बढिरहेको छ । यस सिद्धान्तले गम्भीर अन्तर्राष्ट्रिय अपराधमा जुनसुकै देशको अदालतलाई सुनुवाइ गर्ने अधिकार दिन्छ ।

अफगानी नागरिकको निर्वासन रोक्न अमेरिकी अदालतको आदेश

वासिङ्टन, ४ नोभेम्बर (एएफपी) । अमेरिकी सङ्घीय अदालतले पाकिस्तान हुँदै १५० भन्दा बढी अफगानी नागरिकलाई स्वदेश फर्काउने राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनको योजना रोकेको छ । निर्वासनले पूर्वअमेरिकी सहयोगी र उनीहरूका परिवारको ज्यान जोखिममा पार्न सक्ने भन्दै अधिकारवादी समूहहरूले विरोध गरेपछि अदालतले यस्तो आदेश दिएको हो ।

न्युयोर्कस्थित जिल्ला अदालतकी न्यायाधीश भ्यालेरी क्याप्रोनीले यस साता कुनै पनि अफगानी नागरिकलाई अफगानिस्तान वा पाकिस्तान पठाउन नपाइने फैसला सुनाउनुभएको छ ।

निर्वासनको सूचीमा सन् २०२१ मा तालिबानले सत्ता कब्जा गर्नुअघि अमेरिकी सेनालाई सहयोग गरेका व्यक्तिका आफन्तसमेत रहेको अफगानइभाक संस्थाले जनाएको छ । संस्थाका अध्यक्ष शन भ्यानडाइभरले पूर्वसैनिक, अधिकारकर्मी, कङ्ग्रेसका ६६ सदस्य र हजारौँ अमेरिकी नागरिकको प्रयासबाट प्रस्तावित उडान रोकिएको बताउनुभएको छ ।

तालिबानले आममाफी घोषणा गरे पनि संयुक्त राष्ट्रसङ्घले अफगानिस्तानमा हत्या, गैरकानुनी हिरासत र दुर्व्यवहारका घटना अभिलेख गरेको छ । यसैबिच, पाकिस्तानले पनि आफ्नो देशमा रहेका लाखौँ अफगानीलाई फर्काउने नीति अघि बढाएको छ । गत अक्टोबरमा दुई देशबिच भएको घातक सीमा झडपपछि आवागमन लगभग बन्द छ ।

ट्रम्प प्रशासनले यसअघि अफगानिस्तानसहित विभिन्न देशका नागरिकमाथि यात्रा प्रतिबन्ध लगाउनुका साथै विशेष आप्रवासी भिसा पाएका केही अफगानीको निर्वासन सुरक्षा अन्त्य गर्ने प्रयास गरेको थियो ।

पश्चिमसँग सहकार्य गर्न रुस तयार, द्वन्द्व भए सामना गर्ने चेतावनी

मिन्स्क, ४ नोभेम्बर (सिन्हुवा) । रुसी विदेशमन्त्री सर्गेई लाभरोभले पश्चिमी देशहरूले रुसप्रतिको शत्रुतापूर्ण व्यवहार त्यागे सहकार्य गर्न आफ्नो देश तयार रहेको बताउनुभएको छ । यद्यपि, युरोपले द्वन्द्व सुरु गरे त्यसको सामना गर्न रुस पनि तयार रहेको उहाँले चेतावनी दिनुभएको छ ।

बेलारुसको राजधानी मिन्स्कमा मङ्गलबार आयोजित युरेसियाली सुरक्षासम्बन्धी चौथो मिन्स्क अन्तर्राष्ट्रिय सम्मेलनमा बोल्दै उहाँले रुसले पश्चिमी देशसँगको सहकार्यका लागि कहिल्यै ढोका बन्द नगरेको बताउनुभयो । उहाँले रुस युरोपसँग युद्ध गर्ने चाहना वा योजना नराख्ने स्पष्ट पार्दै युरोपले युद्ध रोजे त्यसको सामना गर्न तयार रहेको उल्लेख गर्नुभयो ।

युरोपसँग प्रत्यक्ष संवादको सम्भावना अझै अनिश्चित रहेको बताउँदै उहाँले पश्चिमी देशहरू विश्वव्यापी बहुध्रुवीय व्यवस्थाको वास्तविक प्रवृत्तिबाट टाढिँदै गएको टिप्पणी गर्नुभयो ।

बेलारुसको विदेश मन्त्रालयले आयोजना गरेको सम्मेलनमा करिब ५० देश तथा क्षेत्रका ६०० भन्दा बढी प्रतिनिधि सहभागी भएका छन् ।

सम्मेलनको उद्घाटन गर्दै बेलारुसका राष्ट्रपति अलेक्जान्डर लुकासेन्कोले युरेसियामा दिगो सुरक्षा र विकासको साझा मोडेल निर्माण गर्नु व्यावहारिक आवश्यकता भएको बताउनुभयो । यस्तो व्यवस्था विश्वकै हितमा हुने उहाँको भनाइ थियो ।

उहाँले युरोपभरि बढिरहेको उच्चस्तरको विरोध र असन्तुष्टिलाई गम्भीरतापूर्वक लिनुपर्ने उल्लेख गर्दै युरोपेली सङ्घका सदस्य राष्ट्रहरूलाई सहकार्यका लागि नयाँ बाटो खोज्न आग्रह गर्नुभयो ।

राष्ट्रपति लुकासेन्कोले युक्रेन सङ्कटले अर्को ठुलो युद्ध निम्त्याउन सक्ने खतरा औँल्याउँदै द्वन्द्वको शान्तिपूर्ण समाधान छिट्टै खोजिने आशा व्यक्त गर्नुभयो ।

दुई दिनसम्म चल्ने सम्मेलनमा हतियार नियन्त्रण, सुरक्षा क्षेत्रमा नयाँ प्रविधिको भूमिका तथा सामूहिक सुरक्षा सन्धि सङ्गठनको विकासलगायत विषयमा छलफल हुँदैछ । आर्मेनिया, बेलारुस, कजाकिस्तान, किर्गिस्तान, रुस र ताजिकिस्तान गरी छ सदस्य रहेको उक्त सङ्गठन युरेसियाली क्षेत्रको सामूहिक सुरक्षासँग सम्बन्धित छ ।

दिल्लीमा वायु प्रदूषण डब्लुएचओको सीमाभन्दा ३० गुणा बढी

नयाँदिल्ली, ४ नोभेम्बर (एएफपी) । भारतको राजधानी नयाँदिल्लीमा वायु प्रदूषणको स्तर विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले तोकेको दैनिक सीमाभन्दा ३० गुणाभन्दा बढी पुगेको छ । बुधबार केही क्षेत्रमा पीएम २.५ को मात्रा प्रतिघनमिटर ४६१ माइक्रोग्राम नाघेको वायु गुणस्तर अनुगमन संस्था आइक्युएयरले जनाएको छ ।

दीपावली नजिकिँदै गर्दा आतसबाजीका कारण प्रदूषण थप बढ्ने आशङ्का गरिएको छ । प्रदूषण नियन्त्रणका लागि अधिकारीहरूले सवारीसाधन सञ्चालन र निर्माण कार्यमा प्रतिबन्ध कडा पारे पनि त्यसको तीन दिनपछि नै प्रदूषण झन् बढेको हो । सर्वोच्च अदालतले दीपावलीमा सीमित मात्रामा हरित पटाका प्रयोग गर्न अनुमति दिएको छ ।

भारतको वातावरण मन्त्रालयका अनुसार दिल्लीको जाडोयामको वायु प्रदूषणमा सवारीसाधनको योगदान २३ प्रतिशत, जैविक पदार्थ जलाउने कार्यको २० प्रतिशत र औद्योगिक क्षेत्रको करिब नौ प्रतिशत छ । सबैभन्दा ठुलो हिस्सा अर्थात् २७ प्रतिशत प्रदूषण विभिन्न ग्यासको रासायनिक प्रतिक्रियाबाट बन्ने माध्यमिक कणको रहेको छ ।

विज्ञ ज्याकोब कोशीका अनुसार दिल्ली आसपासका खेतमा प्रयोग हुने मलबाट निस्कने अमोनियाले पनि माध्यमिक कण निर्माणमा योगदान पुऱ्याउँछ । उहाँका अनुसार अमोनियाले अन्य प्रदूषकसँग प्रतिक्रिया गर्दा वायु प्रदूषण थप जटिल बन्छ ।

द ल्यान्सेट प्लानेटरी हेल्थ जर्नलमा सन् २०२४ मा प्रकाशित अध्ययनअनुसार सन् २००९ देखि २०१९ सम्म भारतमा वायु प्रदूषणका कारण ३८ लाख मानिसको मृत्यु भएको थियो ।

‘नयाँ पुस्ता’ कथासङ्ग्रह अध्ययन गर्दा – ३

✍ सुवर्ण श्रेष्ठ

१३. नयाँ पुस्ता कथाको

खण्ड १ मा, ५० वर्ष उमेर पुगिसकेका छोरा अनन्त र उनको आमाको वार्तालाप छ । ५० वर्षसम्म पनि छोराछोरी नभएका छोरा अनन्त राजनीतिक पार्टीका कार्यकर्ता हुन् । उनी जहिले पनि संसारका विभिन्न देशका समाजबारे सोच्छन्; हिजो, आज र भोलिको समाजबारे सोच्छन् । राजा, महाराजा, नेता, मन्त्री, उच्च ओहदाका कर्मचारीहरूले समाजबारे नसोचेकै कारण उनले सोचेका हुन् । आन्दोलन र क्रान्ति तथा लडाइँबाट आएका नेताहरू पनि बिग्रे, सरकारमा गइसकेपछि जनतालाई दिएको वाचा र वचन पूरा गरेनन्, केही यस्ता बेइमान र स्वार्थीहरू जिउँदै मरेका हुन्छन्, पदबाट खुस्केपछि जनता, नातागोतासँग मुख लुकाएर हिँड्छन्, रक्सी-चुरोट बढी खाएर मर्छन्, विदेश भाग्छन् तर बढीभन्दा बढी जनता र साथीहरू राम्रा हुन्छन् ।

स्वार्थी र बेइमानहरूले पैतृक सम्पत्ति आफ्नो हातमा लिई हरिमायाजस्ता आमाको उपचारसमेत गर्दैनन् । त्यस्ता छोराछोरी हुनु पनि राम्रो होइन ।

हिजो प्रजातन्त्र र गणतन्त्र आउनु अघि जिल्ला - जिल्लामा सङ्गठन गर्न जाने छोरा (अनन्त) आज घर छोडेर जिल्ला-जिल्लामा नगएकाले अनन्तका आमासमेत आश्चर्यमा परिन् ।

खण्ड २ मा

अनन्त, बुबा (कान्छा दाइ), आमा र बुहारी केशरीको संवादबाट काङ्ग्रेस, एमाले, माओवादी केन्द्र, जनमोर्चा, राप्रपा, मधेशवादी दलका नेताहरूको चरित्र उल्लेख गरेका छन् । धेरै धेरै पैसावाल साहुमहाजन, जग्गाधनी, मारवाडी, व्यापारी र कारखाना मालिकहरूको हित गर्ने ती पार्टीका नेता र मन्त्रीहरू काम गरी खाने जनताको पक्षमा काम गर्दैनन् । उनीहरू पद र सत्तामा पुगी नाफाको लागि काम गर्छन् । तिनीहरू ‘समाजवाद’ लाई ‘ठग्ने मन्त्र’ को रूपमा प्रयोग गर्छन् । नेहरू र इन्दिरा गान्धीले पनि भारतमा समाजवादको कुरा गरेका थिए तर आधाभन्दा बढी जनसङ्ख्या अहिलेसम्म गरीब छन् । समाजवादमा ठुलठुला खेत खलियान, कलकारखाना, बससेवादेखि हवाई सेवासम्म र व्यापार, सबै जनताको सरकारको हातमा जान्छ र जनतालाई शोषण गर्न पाईदैन । मजदुर, किसान, युवा-विद्यार्थी, खेलाडी, शिक्षक, प्राध्यापक, वैज्ञानिक, कानुन व्यवसायीहरू स-साना पसले र व्यापारीहरू, ड्राइभर, क्लिनर आदि सबै अत्यन्त बहुमत जनताको शासन हुन्छ । समानरूपले योग्यताको विकास गर्न पाउँछन्, जोताहाहरूले जग्गा पाउँछन्, मजदुरहरूले काम पाउँछन्, बासको बन्दोबस्त हुन्छ, युवा-युवती, महिला-पुरूष सबैले काम र कामअनुसार ज्याला पाउँछन्, टुहुरा-टुहुरी, अशक्त र अक्षम, बिरामी, ज्येष्ठ नागरिकहरूको समाजले बन्दोबस्त गर्छ, व्यक्तित्व विकासमा समान अवसर पाइन्छ ।


खण्ड ३ मा कान्छा दाइ र छोरा अनन्तको वार्तालाप छ

राजनीतिक दलहरूमा पद, पैसा, इर्ष्या, द्वेष, सिद्धान्त र नीतिको कारण आपसमा मतभेद हुन्छ । एमाले र एमाओवादीको झगडाको कारण पद, पैसा, व्यक्तिगत इर्ष्या र द्वेष हो । अन्य सच्चा कम्युनिस्ट दलहरू छुटिनुको कारण निर्वाचित सरकारले समाजवाद स्थापना गर्न सक्छ कि सक्दैन भन्ने विषय हो । पञ्चायती व्यवस्था आउनुभन्दा पहिले नेपालको मुख्य शत्रु भारतीय विस्तारवाद हो या राजा वा राजतन्त्र हो भन्ने विषयमा मतभेद थियो । पञ्चहरू पनि भूमिसुधारको पक्ष र विपक्षमा थिए ।

देशको सन्तुलित विकासमा प्राथमिकता दिनुको साथै स्थानीय निकायलाई स्वायत्तता र विकेन्द्रीकरणको अधिकार दिइएको हुन्थ्यो भने कोरोनाको भयावह सकस नेपाली जनताले व्यहोर्नपर्ने थिएनन् ।

खण्ड ४ मा

छोरा अनन्त र बुबा कान्छा दाइको वार्तालाप आमा जुनु र श्रीमती केशरीको अगाडि हुन्छ । अनन्त सङ्गठनको सबभन्दा कान्छो हो । उनले ज्येष्ठहरूको सामूहिक भावनालाई जहिले पनि आदर गर्थे; दिएको कामलाई आफ्नो कर्तव्य सम्झेर गर्थे । सङ्गठनमा काम गर्नेहरू आ-आफ्ना व्यक्तिगत र पारिवारिक कारणबाट सङ्गठनबाट बिदा हुँदै गए । केही बुद्धिजीवीहरू पेसाको कारण टाढिए । कोही सरकारी पैसा खाएकाले र कोही जाँडरक्सी, चुरोट खाई जुवाडेजस्तै बनेकाले सङ्गठनबाट टाढिए । कोही पछि एमाओवादीको लाममा मिल्न गएका थिए तर तिनीहरू मनोरोगी भई विजोग अवस्थामा बिते र



विचार फेरेकाले दाजुभाइले समेत जुठो बार्न पर्दैन भनी भने । कोही सङ्गठनको नाममा किसानहरूलाई दुःख दिने र सङ्गठनको विरोधमा गाउँ-गाउँ र टोल-टोलमा हिँडे । त्यस्ता सबैलाई सङ्गठनमा हुल्न दिएन ।

अमेरिका शान्त र सपनाको देश भनेको झूट हो । त्यहाँ विभेद र पक्षपातको कारण गरिब र विभिन्न जात जातिका जनताको असन्तोष चरम चुलीमा छ । त्यो दमन गर्ने देश हो ।

खण्ड ५ मा

अनन्त, कान्छा दाइ, जुनु र केशरी चारैतिर बसेर छलफल गर्छन् । मानिसहरूको सामाजिक, आर्थिक, सांस्कृतिक आदि परिस्थिति र उद्देश्यअनुसार कोही नोकरीमा लाग्ने, कोही व्यापारमा लाग्ने, काही मामाघर, फुपूको घरमा बस्न जाने, कोही विदेश लाग्ने, कोही शिक्षक बनी टाढा जिल्लामा जाने साथीहरू हुन्छन् भने कोही परिवार र सङ्गतले पुँजीवादी दलमा पुग्ने गर्छन् । अनन्त विद्यालय तहदेखि अनेक खेलहरू खेल्थे, साहित्य गोष्ठी, सांस्कृतिक गतिविधिमा लाग्थे; साथीहरू बिरामी हुँदा हेरविचार गर्थे; पिकनिकजस्ता कार्यक्रमहरू गर्न नेतृत्व गर्थे; २-४ दिनसम्म बाहिर गई सङ्गठन गर्न जान्थे र साहित्यिक पत्रिकाहरू प्रकाशित गरी छलफल चलाउँथे ।

अनन्तका साथीहरूमध्ये कोही मरे । कोही बाटो बदली ठेकेदारी र घर-जग्गा व्यापारी बने । कोही लोकप्रिय भई निर्वाचित पदमा पुगी सेवक बने । एक जना माध्यमिक विद्यालयका प्रिन्सिपल बनी भ्रष्टाचारमा लागे र शासक दलका सदस्य बने । तर, अत्यन्त बहुमत कार्यकर्ताहरू राम्रा र इमानदार देखिएका छन् ।

राजनीति गर्नु भनेको राजकाजको काम सिक्नु र देश अनि जनताको भलो गर्नु हो । विद्यालय खोल्नु, अस्पताल खोल्नु, पुस्तकालय खोल्नु, खानेपानीको व्यवस्था गर्नु, कसैलाई दुःख दिएमा रोक्नु, सम्झाउनु, बुझाउनु आदि सेवा गर्नु हो ।

समाज, देश र परिवारको समस्या नै नारी वा आईमाईका समस्या हुन् । यी गम्भीर र ठुला समस्याको पूर्ण समाधानमा नयाँ पुस्ताले हात हाल्नेछ । नयाँ पुस्ताको लालनपालन, शिक्षा- स्वास्थ्य आमाहरूकै हातमा छ । इतिहासबाट सिकेर नयाँ पुस्ताले नयाँ समाज निर्माण गर्नेछ । नेपाली समाजमा महिलाहरू नै अगाडि आउने परिस्थिति छ । त्यस परिस्थितिले सुहाउँदो र समाजमा आमूल परिवर्तन अवश्यम्भावी हुन्छ ।

१४. ‘राजनीति-जसको निम्ति व्यापार हो’ कथामा

पत्रकार र युवकको संवादमा पशुपति क्षेत्रमा चिया पसल गर्ने युवकले मारवाडीले दिएको रु. २,००,००० बाट १०-१२ रोपनी जग्गा किने, सहरमा २-३ वटा घर बनाए, तर मारवाडीलाई विश्वासघात गरी शुद्ध दूध दैनिक एक पाथीले २ वर्षसम्म पशुपतिनाथमा चढाउनुपर्नेले प्रजातन्त्रवादी कार्यकर्ताको सल्लाहबमोजिम दूधमा पानी मिसाई पशुपतिनाथमा चढाए । उनका राम्रा भनिएका व्यापारी साथीहरूलाई जनताले कालाबजारी, तस्कर, खाद्य मिसावट गर्ने र शोषक भनी गाली गर्थे । पश्चाताप भई निद्रा नलागेकोले उनले रक्सी पिउन थाले । उनी उच्च स्तरको शास्त्र र राजनीतिशास्त्र नपढेका त्यस व्यापारी कहिले राप्रपा, कहिले काङ्ग्रेस र कहिले एमाले बन्थे । पछि प्रजातन्त्रवादी पार्टीका मध्यम स्तरका नेताहरूसम्म उनको सम्बन्ध भयो । निर्वाचनको समयमा पैसा दिएर एउटा दलको उम्मेदवारलाई अर्कै दलमा पुऱ्याउने काम उनले गरे; राजनीतिलाई व्यापार बनाए ।

१५. मौनतामा मरेको प्रेम कथामा

नेपाल बैङ्क गौरमा मेनेजर र अन्य कर्मचारीहरू नेवार भएकाले नेपाल बैङ्कलाई नेवार बैङ्क भनिन्थ्यो । पहाडी जिल्लाहरूमा अङ्ग्रेजी शिक्षा प्रचारमा थिएन । काठमाडौँका बाहुन, क्षेत्री, नेवारहरू जिल्ला-जिल्लाका कार्यालयमा हाकिम थिए । तराईका धनी-मानी र जमिनदार परिवारका युवाहरू भारतमा गई पढ्थे । सीमा नगरमा सम्पन्न परिवारका पुस्तालाई पढाउन भारतीय प्रधानाध्यापक र अध्यापक ल्याई विद्यालय चलाउँथे । पहाड र तराईका बाहुन-क्षेत्रीहरू बनारसका संस्कृत पाठशाला र हिन्दू विश्वविद्यालयसम्म पुग्थे । केही नेवारहरू कलकत्ता, दार्जिलिङ, विहार तथा उत्तर प्रदेशका सहरमा गई भारतकै पाठ्यक्रमबाट स्नातक र आचार्यसम्म बन्थे ।

देश - विदेशको जानकारीको लागि भारतीय दैनिक र साप्ताहिक पत्रिकाहरू नै उनीहरू स्रोत मान्थे । काठमाडौँका प्रधानाङ्ग परिवारका हाकिम शिक्षित र भारतीय एवम् नेपाली शासक राजनीतिबारे जानकार थिए । वीरगञ्जको अमात्य परिवारका खरदार देश विदेशको राजनीतिमा बढी चासो राख्थे । रवि श्रेष्ठ वैदार भए पनि उनले सबै कर्मचारीसँग राम्रो सम्बन्ध राखेका थिए । तिनीहरूका श्रीमतीहरूको बिचमा राम्रो मेल थियो । मिठो-चोखो वा कोसेली पुऱ्याइने गरिन्थ्यो ।

रवि श्रेष्ठका गजेन्द्र नामका छोरा थिए । खरदार अमात्यका छोरी माधुरी थिइन् । काठमाडौँबाट पठाइएको मुलाको अचार गजेन्द्रले पुऱ्याउन जाँदा माधुरीलाई बोलाउन लाज मानेर कोठामा छोडेर गए । माधुरीले आफ्नो परिवारबाट पठाएको मासु वैदारनीको चुलो नजिकै राखिन् र नमस्ते आमा, म जान्छु भनी गइन् तर गजेन्द्र चुपचाप हेरिरहयो । पछि सरुवाको सिलसिलामा गजेन्द्र, माधुरी र अरु केटाकेटी टाँगाबाट बैरगनियाँ स्टेसन पुगे । तर, गजेन्द्र र माधुरीबिच कुराकानी भएन । रेलमा बिदा लिँदा पनि माधुरी गजेन्द्रसँग बोलिनन् । पछि गजेन्द्र त्रिचन्द्र कलेजमा प्राध्यापक भए । माधुरीका भाइ गङ्गाधर त्यहाँ पढ्न आए । दुवैको चिनापर्ची भयो । गजेन्द्रले माधुरीको बारेमा सोधे तर २ वर्षअगाडि नै जनकपुरका नेवार व्यापारीसँग उनको विवाह भएको थियो । गङ्गाधर छुटेपछि गजेन्द्रले पहिलेका कुराहरू सम्झे । गजेन्द्रले मनमनै गुने, “कस्तो समाज, मैले अगुवाइ गरी माधुरीलाई केही भनेको भए पुरुष अहङ्कार र पुरुष प्राधिकार भनिन्थ्यो । म मौन बस्दा वा माधुरीको अगुवाइ खोज्दा म लाछी भएँ ।”

संस्कृतिमा मौलाउँदो बजारवाद र देखासिकीको तमासा ?

● इकुञ्जे

चाडपर्व र संस्कृति कुनै पनि समाजका जीवन्त पहिचान हुन् । नेपालजस्तो सांस्कृतिक विविधतायुक्त देशमा हाम्रा हरेक पर्व, संस्कार र रीतिरिवाज पछाडि गहिरो वैज्ञानिक, वातावरणीय र सामाजिक आधार जोडिएका छन् । तर, पछिल्लो समय प्रविधिको विकास, तीव्र बजारीकरण र अन्धो देखासिकीका कारण हाम्रा मौलिक चाडपर्वहरू आफ्ना मूल मर्मबाट तीव्र गतिमा टाढिँदै गएका छन् । कुनै बेला पवित्रता, सादगी र आत्मीयताका पर्याय मानिने यी पर्वहरू आज तडकभडक, अत्यधिक उपभोगवाद र आयातित सामग्रीको व्यापारिक प्रदर्शन गर्ने माध्यम बन्न पुगेका छन् ।

हाम्रा परम्परागत कर्महरूमा प्रयोग हुने अति सामान्य वस्तुहरूमा समेत हामी कतिसम्म परनिर्भर हुँदै गएका छौं भन्ने कुराको गतिलो उदाहरण जनै र पूजामा चाहिने दुनाटपरा हुन् । जनै मुख्यतया सुती (कपास) को धागोबाट बनाइन्छ । नेपालमा पर्याप्त कपास खेतीको सम्भावना हुँदाहुँदै पनि व्यावसायिक उत्पादन र प्रशोधन उद्योगको कमीका कारण हामीले बर्सेनि करोडौँ रूपैयाँ बराबरको सुती धागो, तयारी जनै र धागोका गुच्छा बाहिरबाट आयात गर्नुपर्ने बाध्यता छ । चीन र भारतबाट आउने सस्ता धागो तथा तयारी जनैले नेपाली बजार ओगटेको छ । मौलिक रूपमा मन्त्रिएर बाँधिने डोरो र जनैसमेत तयारी बजारिया सामग्रीमा निर्भर हुनुले हाम्रो आत्मनिर्भरता र परम्परागत सादगीमाथि गम्भीर प्रश्न उठाएको छ । त्यस्तै, नेपालका तराई तथा मध्यपहाडी क्षेत्रमा साल (सखुवा) का वनहरू प्रशस्त हुँदाहुँदै पनि पूजाका लागि चाहिने दुना-टपरा आजकल चीन वा बाहिरबाट आयात हुने गरेका छन् । आधुनिक बजारमा उपलब्ध हुने प्लास्टिक लेमिनेसन गरिएका वा मेसिनले बनाइएका तयारी दुना-टपराले स्थानीय स्तरमा हातले बन्ने शुद्ध उत्पादनलाई विस्थापित गरेका छन्, जुन वातावरणीय र सांस्कृतिक दुवै दृष्टिकोणले चिन्ताजनक छ ।

यसैगरी, हाम्रा धार्मिक आस्थाका तौरतरिका पनि बजारिया कृत्रिमता र देखासिकीको सिक्रीमा जकडिएका छन् । परम्परागत रूपमा लक्ष्मीपूजाको दिन घरको आँगनदेखि ढुकुटीसम्म रातो माटो, गोबर र चामलको पिठो (अल्पना/रङ्गोली) ले लक्ष्मीका पाइताला बनाइन्थ्यो, जसले घरको शुद्धीकरण र प्राकृतिक स्वच्छता झल्काउँथ्यो । तर आज बजारमा प्लास्टिक, सिन्थेटिक तथा रासायनिक स्टिकरहरू छ्यापछ्याप्ती पाइन्छन् । धनकी देवी लक्ष्मीलाई स्वागत गर्ने नाममा प्रयोग गरिने यी प्लास्टिकका पाइतालाहरू अशुद्ध मात्र होइनन्, नसङ्ने भएकाले वातावरणीय प्रदूषणका प्रमुख कारक पनि हुन् । अर्कोतर्फ, कात्तिक कृष्ण त्रयोदशीका दिन वैदिक आयुर्वेदका प्रवर्तक, आरोग्यका देवता धन्वन्तरीको उत्पत्ति भएको मानिन्छ । परम्परागत रूपमा यो दिन आरोग्य, स्वास्थ्य र जडीबुटी विज्ञानको सम्मान गर्ने दिन हो । तर, आधुनिक बजारिया विज्ञापन र सिनेम्याटिक प्रभावका कारण नेपाली समाजमा यसलाई ‘धन्तेरस’ का रूपमा धातुका नयाँ भाँडाकुँडा र सुन-चाँदी थुपार्ने ‘बाध्यकारी’ पर्व बनाइएको छ । आवश्यकतासिवना प्रदर्शनका लागि धातु थुपार्नु केवल आर्थिक भार र खोक्रो देखासिकीको पराकाष्ठा हो ।

यस्ता आयातित र बजारमुखी विकृतिहरू यी केही उदाहरणमा मात्र सीमित छैनन्, यसले हाम्रा हरेक पर्वलाई ग्रसित बनाउँदै लगेको छ । हरितालिका तीज महिलाहरूको व्रत, उपासना र भगिनी सम्बन्धको पर्व हो । तर, अचेल तीज आउनुभन्दा महिना दिनअघिदेखि नै महँगा रिसोर्ट र होटलहरूमा तडकभडकपूर्ण ‘दर कार्यक्रम’ आयोजना गर्ने र गरगहना तथा महँगा पहिरनको प्रदर्शन गर्ने होड चलेको देखिएकै छ । यसले मध्यम तथा विपन्न वर्गका परिवारमा मानसिक र आर्थिक तनाव सिर्जना गरेको छ । अझ अचम्मको कुरा त के छ भने, पितृको सम्झना र श्रद्धामा लीन हुनुपर्ने ‘सोह्रश्राद्ध’ सुरु हुनासाथ सामाजिक सञ्जाल र बजारमा दसैँ, तिहार र छठका शुभकामनाका चाङ लाग्न थाल्छन् । तर, महिना दिन अघिदेखि शुभकामनाका ओइरो पोख्ने हाम्रो बानी-बेहोरा र आचरणमा भने कुनै सुधारको प्रयास देखिँदैन ।

त्यसैगरी, तिहार नआउँदै सुरु हुने कानै फुटाउने रकेट र पटाकाको आतङ्क अर्को डरलाग्दो विकृति बनेको छ । उज्यालो र आत्मीयताको पर्वका नाममा भित्रिएका यी गैरकानुनी र आयातित पटाकाहरूले हावा र वातावरणमा विषालु धुवाँ भर्ने मात्र होइन, वृद्धवृद्धा, रोगी र बालबालिकाको कान बहिरो पारिदिने अवस्था ल्याउँछन् भने स्वच्छन्दरूपमा आकाशमा उड्ने चराचुरुङ्गीसमेतलाई त्रसित र विस्थापित बनाउँछन् । त्यस्तै, मूलतः सादगी र प्राकृतिक शुद्धताको पर्व मानिने छठमा घाट सजावटमा लाखौँ खर्च गर्ने प्रवृत्ति बढेको छ भने भाइटीकामा दिइने उपहारहरूमा विदेशी महँगा ब्रान्डका चकलेट र मदिरा समावेश गर्ने चलन सामान्य बन्दै गएको छ । रङहरूको पर्व फागुमा पहिला प्राकृतिक रङ, अबिर प्रयोग हुन्थे भने अचेल गाढा रासायनिक रङ, मोबिल र टक्सिक केमिकल प्रयोग गरेर अरूलाई दुःख दिने विकृति मौलाएको छ । त्यसमाथि, चाडपर्वका नाममा जुवातास खेल्ने र अत्यधिक मदिरा सेवन गर्ने प्रवृत्तिले कैयौँ परिवारमा अशान्ति र बर्बादी ल्याएको छ ।

यी सबै विकृति र विसङ्गतिहरूको परिणामस्वरूप हाम्रो आर्थिक परनिर्भरता दिनानुदिन बढेको छ भने प्लास्टिक, रसायन र पटाकाको धुवाँ का कारण पर्यावरणमा गम्भीर असर परेको छ । चाडपर्वका पछाडि रहेका गहिरो आध्यात्मिक, वैज्ञानिक र सामाजिक मूल्य-मान्यताहरू ओझेलमा पर्दै गएका छन् । तसर्थ, आफ्ना चाडपर्वलाई मौलिक, स्वच्छ र अर्थपूर्ण बनाउन हामी प्रत्येक नागरिकले सचेत बन्नै पर्छ । पूजाहरूमा स्थानीय रूपमा बनाइएका दुना-टपरा, सुतीका धागो, माटाका पालाहरू र प्राकृतिक फूल-मालाको प्रयोग गरौँ । देखावटी शुभकामना कार्यक्रम आयोजना गर्नु र पठाउनुअघि आफ्नो बानी र व्यवहारमा सुधार ल्याऔँ । वातावरणीय शान्ति भङ्ग गर्ने ‘पटाखे संस्कृति’लाई पूर्णतः बहिष्कार गरौँ । छिमेकी वा साथीभाइको देखासिकीमा तडकभडक र अनावश्यक किनमेल नगरी आफ्नो क्षमताअनुसार सादगीपूर्ण रूपमा पर्व मनाउने बानी बसालौँ । धन्तेरसमा धातुका भाँडा थुपार्नुभन्दा धन्वन्तरि जयन्तीको मर्म बुझेर आफ्नो स्वास्थ्य, खानपान र आयुर्वेद पद्धतिको सम्मान गरौँ । घर-आँगन सजाउँदा प्लास्टिकका पाइताला वा स्टिकरको सट्टा रातो माटो, चामलको पिठो र प्राकृतिक फूलको प्रयोग गरौँ । संस्कृति जोगाउने नाममा विकृति भित्र्याउने परिपाटी अन्त्य गरौँ; स्वदेशी, प्राकृतिक र सादगीपूर्ण जीवनशैली अपनाएर हाम्रा चाडपर्वको वास्तविक मौलिकता सदाका लागि जगेर्ना गरौँ ।

तिहार मनाऔँ विकृति नफैलाऔँ

काठमाडौँ, १८ कार्तिक । नेपालमा मनाइने हरेक चाडपर्वको आ-आफ्नै सामाजिक, ऐतिहासिक, सांस्कृतिक र धार्मिक महत्त्व छ । तिहार पनि त्यस्तै महत्त्व रहेको पर्व हो । काग, कुकुर, गाई, गोरु, मानिस र अन्नको पूजा हुने यो बत्ती बाल्ने पर्व पनि हो । यही पर्वमा फूल, फलफूलको पनि पूजा हुन्छ । घरको आँगन र झ्याल झ्यालमा दियोको बत्ती बाल्ने झिलिमिलीको यो पर्वमा गीत गाइन्छ र नाचिन्छ । यही पर्वमा नेपाल संवत् फेरिएको हुन्छ । सामान्यत: नेपाल संवत् म्हा पूजाको दिन फेरिन्छ र नयाँ वर्षको सुरुआत हुन्छ । यस्तो महत्त्वपूर्ण पर्वमा विशेषत: भर्खरका युवाहरू मनोरञ्जनको नाउँमा आगजन्य वस्तु पटाका र भुइँचम्पा उडाउँछन् । जहाँतहीं जहिले पनि आगजन्य वस्तु पड्काउँदा वरपरका घरमा परेर आगलागी भएको, आँखामा लागेर आँखा गुमेका घटनाहरू भएका थिए । अत: तिहारमा आगजन्य वस्तु बिक्री वितरण गर्न नपाउने, पड्काउन नपाउने व्यवस्था सरकारले गर्नुपर्छ । यसको रोकथामको लागि जिल्ला प्रशासन कार्यालयको सक्रियता आवश्यक हुन्छ ।

सरकारले तिहार र छठलाई लक्षित गर्दै अखाद्य पदार्थ, अखाद्य मिठाइ, गुणस्तरहीन र म्याद नाघेको वस्तुको बिक्री वितरणमा मात्र होइन भुइँचम्पाजस्ता आगजन्य वस्तु बिक्री नगर्न र पड्काउन नपाउने सूचना पनि जारी गर्नुपर्छ । अखाद्य पदार्थ उत्पादन, बिक्री वितरण, ओसारपसार, निकासी वा पैठारी गर्नेलाई कैद वा सजाय गर्ने कानुनी व्यवस्थाको सूचनामा मात्र केन्द्रित नभई आगजन्य वस्तु नपड्काउन जिल्ला प्रशासन कार्यालयले सूचना जारी गरेर आवश्यक भएमा कारबाहीको प्रक्रिया अघि बढाउनुपर्छ । उपभोक्ता संरक्षण ऐन तथा नियमावलीअनुसार उपभोग गर्न सकिने अन्तिम मिति, मूल्य आदि खुलाएर राख्न खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले निर्देशन दिएर व्यवहारमा लागू गर्नु आवश्यक छ । तिहारमा प्लास्टिक र आयातित फूलमा प्रतिबन्ध गर्नु ठिक्कै हो । त्यस्तै प्रतिबन्ध पटाका र भुइँचम्पामा पनि गर्नुपर्छ ।

तिहारमा देखिने एउटा अर्को विकृति जुवा तास पनि हो । पाटी - पौवा, चोक, रेस्टुराँ आदि स्थानमा खेलिने जुवा तासले धेरै युवाहरूको रकम गुमेको नयाँ विषय होइन । जुवा-तासमा हुने झगडा र मनमुटाबले बेला बखत समाज भड्केको, बोलीचाली नै बन्द भएको स्थिति पनि ननिम्तिएको होइन । जुवा तास नखेलाउने र खेलेको देखिएमा आवश्यक कारबाही गर्न पनि जिल्ला प्रशासन कार्यालय सक्रिय हुनुपर्छ ।

नेपाल संवत् फेरिएको सन्दर्भमा शुभकामना च्याली गर्ने, शुभकामना आदानप्रदान गर्ने, रचनात्मक कार्यक्रमअन्तर्गत साहित्यिक गतिविधि गर्ने काम पनि हुन्छ । भाइपूजा, गोवर्द्धन पूजा यस चाडको अर्को महत्त्वपूर्ण पक्ष हो । दाजु भाइ र दिदी बहिनीको भेटघाट गर्ने उत्सव पनि हो तिहार । झिलिमिली बत्ती बालेर मनाइने यो चाड मनोरञ्जनात्मक मात्र होइन उपदेशमूलक पनि छ । फलफूल र फूलको उत्सवको रूपमा लिइने यो पर्व सबैको मनपर्ने र प्रिय पर्व हो ।

किसानहरूले धान भित्र्याएर लक्ष्मीको रूपमा धानको पूजा गर्ने यो पर्व कृषिसित सम्बन्धित छ । यसैबेला नेपाल संवत् स्थापनाको प्रसङ्ग मात्र होइन यसको महत्त्वबारे चर्चा परिचर्चा हुन्छ । नेपाल संवत् राष्ट्रिय संवत् हो । यो संवत् नेपालमा ८ सय वर्षभन्दा बढी समयसम्म प्रचलनमा थियो । यो नेपालीहरूको संवत् हो । यसकारण, नेपाल संवत्को आफ्नै महिमा छ; आफ्नै देन छ । यही कारण म्हा पूजाको दिन या नेपाल संवत् फेर्ने अवसर पारेर न्हु दँया भिन्तुना (शुभकामना) च्याली हुन्छ ।

ख्यालकर्मी ख्याजूको निधन

भक्तपुर, १८ कार्तिक । ख्यालकर्मी एवं कालाकार रवि ख्याजूको मङ्गलबार असामयिक निधन भएको छ । जनताको पक्षमा कलम चलाउँदै आएका कवि, कलाकार एवं अधिवक्ता रवि ख्याजूको बुधबार पशुपति आर्यघाटमा अन्तिम बिदाइ गरियो ।

छयालिसौँ नेपालभाषा साहित्य त:मुंज्यामा उहाँले लेखेको र खेलेको ख्याल 'लयता: च्यो' ले विशेष पुरस्कार र उहाँ आफै उत्कृष्ट पुरुष कलाकारको पुरस्कार घोषणा भएको थियो । सोही खुसीमा साथीहरूसँग बधाई साटासाट गरी घर फर्केका रवि कार्तिक १६ गते सोमबार साँझतिर घरमा बेहोस अवस्थामा भेटिएपछि तत्काल अस्पताल पुऱ्याइएकोमा मङ्गलबार केएमसी अस्पताल सिनामङ्गलमा उहाँको निधन भएको थियो ।

हालै 'मुनास:' को आयोजनामा उपत्यकाव्यापी ख्याल प्रतियोगितामा उहाँको 'यो के भएको ?' नामको ख्याल दोस्रो भएको थियो । २०३४ असोज २० गते बुबा कान्छा ख्याजू र आमा ज्ञानमाया ख्याजूका चौथो पुत्रको रुपमा जन्मिनुभएका ख्याजूको अन्तिम संस्कार जेठी छोरीले गर्नुभयो । उहाँका श्रीमती सुवर्ण ख्याजू दुवाल र दुई छोरी श्रेया र सुरवी हुनुहुन्छ ।

नेपाल टेलिकमको खरिद प्रक्रियाबारे भ्रमपूर्ण समाचार नफैलाउन आग्रह

काठमाडौँ, १८ कार्तिक । नेपाल टेलिकमले आफ्नो खरिद प्रक्रियाबारे केही सञ्चारमाध्यममा प्रकाशित तथा प्रसारित समाचारहरू भ्रमपूर्ण र अपुष्ट रहेको भन्दै त्यस्ता समाचार सम्प्रेषण नगर्न आग्रह गरेको छ ।

कम्पनीले आज जारी गरेको प्रेस विज्ञप्तिमार्फत पछिल्लो समय विभिन्न सञ्चारमाध्यममा कम्पनीको खरिद प्रक्रियासम्बन्धी भ्रमपूर्ण तथा अपुष्ट समाचारहरू प्रकाशन तथा प्रसारण भइरहेकाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो ।

नेपाल टेलिकम कम्पनी ऐन, २०६३ अनुसार स्थापना भएको र दूरसञ्चार ऐन, २०५३ बमोजिम अनुमतिपत्र प्राप्त गरी देशभर गुणस्तरीय दूरसञ्चार सेवा उपलब्ध गराउँदै आएको संस्था हो । कम्पनीले आफ्नो ऐतिहासिक पृष्ठभूमि, स्थापित प्रतिष्ठा, जनविश्वास तथा आमग्राहकको भरोसालाई सम्पत्तिका रूपमा लिएको जनाएको छ ।

कम्पनीका अनुसार प्रचलित ऐन, कानुन तथा पछिल्लो समय विकसित सुशासनका मूल्य र मान्यताअनुसार काम गर्दै आएको छ । सस्तो र भरपर्दो दूरसञ्चार सेवा सर्वसुलभ रूपमा सबै नागरिकलाई उपलब्ध गराउने तथा देशको आर्थिक र सामाजिक विकासमा उल्लेखनीय योगदान पुऱ्याउने उद्देश्यका साथ कम्पनी क्रियाशील रहेको विज्ञप्तिमा उल्लेख छ ।

सहरी क्षेत्रदेखि देशका अति विकट स्थानसम्म दूरसञ्चार सेवा विस्तार गर्दै आएको टेलिकमले नयाँ प्रविधि अवलम्बन, गुणस्तरीय सेवाको उपलब्धता, नेपाल सरकारको नीतिगत लक्ष्य प्राप्ति तथा कम्पनीको व्यावसायिकतालाई मध्यनजर गरी विभिन्न कार्य गर्दै आएको जनाएको छ ।

खरिद प्रक्रियाका सम्बन्धमा कम्पनीको आर्थिक विनियमावली, दूरसञ्चार उपकरण तथा सेवा खरिदसम्बन्धी कार्यविधि, सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरिएको स्ट्यान्डर्ड बिड डकुमेन्ट (Standard Bid Document) का आधारमा आवश्यक खरिद प्रक्रिया अपनाइने कम्पनीले स्पष्ट पारेको छ ।

कम्पनीको खरिद प्रक्रियालगायत विषयमा समाचार प्रकाशन तथा प्रसारण गर्नुअघि आवश्यक आधिकारिक विवरण कम्पनीका प्रवक्ता, सूचना अधिकारी, सहप्रवक्ता एवं सूचना तथा प्रकाशन शाखाबाट सहज रूपमा उपलब्ध हुने पनि विज्ञप्तिमा जनाइएको छ ।

त्यसैले भ्रमपूर्ण समाचार सम्प्रेषण नगरी कम्पनीको प्रतिष्ठा, विकास तथा संस्थागत हित अभिवृद्धिमा सकारात्मक सहयोग पुऱ्याउन नेपाल टेलिकमले सञ्चारमाध्यमहरूसँग अपेक्षा गरेको छ ।

कम्पनीका प्रवक्ता डा. कमल लामिछानेद्वारा जारी विज्ञप्तिमा आधिकारिक सूचना तथा विवरणका लागि सम्बन्धित निकायसँग सम्पर्क गर्नसमेत अनुरोध गरिएको छ ।

अमेरिकी कङ्ग्रेसका दुवै सदनमा डेमोक्रेटको बहुमत

वासिङ्टन, ४ नोभेम्बर (एएफपी) । अमेरिकी मध्यावधि निर्वाचनमा डेमोक्रेटहरूले सिनेट र प्रतिनिधिसभा दुवैमा बहुमत हासिल गरेका छन् । यसले राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकालका बाँकी दुई वर्षमा उनको विधायिकी योजनामा अवरोध पुग्ने र प्रशासनमाथि अनुसन्धान बढ्ने देखिएको छ ।

जीवनयापनको बढ्दो लागत, भन्सार शुल्क र इरानसँगको युद्धप्रति मतदाताको असन्तुष्टि निर्वाचन परिणाममा प्रतिबिम्बित भएको छ । ट्रम्पले परिणाम स्वीकार गर्ने तर रिपब्लिकनहरूको हारलाई आफ्नो व्यक्तिगत पराजय मान्न अस्वीकार गर्नुभएको छ ।

डेमोक्रेटहरूले मेन, टेक्सास, कन्सास, आयोवा, दक्षिण क्यारोलिना र उत्तर क्यारोलिनालगायत राज्यमा सफलता हासिल गरेका छन् । मेनमा ट्रोय ज्याक्सनले रिपब्लिकन सिनेटर सुसान कोलिन्सलाई पराजित गर्नुभएको छ भने जर्जियामा केइशा लान्स बटम्स अमेरिकी इतिहासकै पहिलो अश्वेत महिला गभर्नर निर्वाचित हुनुभएको छ ।

दुवै सदनमा बहुमत पाएपछि डेमोक्रेटहरूले इरान युद्ध, आप्रवासन नीति र भ्रष्टाचारका आरोपमाथि अनुसन्धान गर्न तथा ट्रम्पका विधेयक र सरकारी नियुक्तिमा अवरोध गर्न सक्नेछन् । प्रतिनिधिसभाका नेता हाकिम जेफ्रीज आगामी जनवरीमा पहिलो अश्वेत सभामुख बन्न सक्ने सम्भावना छ ।

परिणाम स्वीकार गर्ने बताए पनि ट्रम्पले आफू उम्मेदवार भएको भए रिपब्लिकनहरूले भारी मतान्तरले जित्ने दाबी गरेका छन् । उनले डेमोक्रेटहरूले पारित गरेका विधेयकमा राष्ट्रपतीय भिटो प्रयोग गर्ने चेतावनीसमेत दिएका छन् । यसले आगामी दुई वर्ष अमेरिकी राष्ट्रपति र कङ्ग्रेसबिच राजनीतिक टकराव बढ्न सक्ने सङ्केत गरेको छ ।

दक्षिण चीन सागरमा सतर्क रहन फिलिपिन्सलाई चीनको चेतावनी

बैङ्कक, ४ नोभेम्बर (एपी) । चीनका विदेशमन्त्री वाङ यीले दक्षिण चीन सागरको विवादमा सतर्क रहन र चीनसँगको सम्बन्धमा हस्तक्षेप गर्ने व्यक्तिमाथि नियन्त्रण गर्न फिलिपिन्सलाई आग्रह गर्नुभएको छ ।

फिलिपिन्सकी विदेशमन्त्री थेरेसा लाजारो र वाङबिच मङ्गलबार राति भएको टेलिफोन वार्तामा दुई देशको सम्बन्ध तथा क्षेत्रीय विवादबारे छलफल भएको थियो । दुवै पक्षले कूटनीतिक संवाद जारी राख्ने र आपसी सम्मानका आधारमा मतभेद समाधान गर्ने सहमति जनाएका छन् ।

चीन र फिलिपिन्सबिच दक्षिण चीन सागरको स्वामित्वलाई लिएर पछिल्ला वर्षहरूमा तनाव बढ्दै आएको छ । यसैबिच, फिलिपिन्सका लागि चिनियाँ राजदूतले चीनले चाहे बल प्रयोग गरेर सजिलै जित्न सक्ने अभिव्यक्ति दिएपछि राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरले त्यसलाई धम्कीका रूपमा लिनुभएको थियो ।

वार्तामा रिड बैङ्क क्षेत्रमा रोकिएको संयुक्त तेल तथा ग्यास अन्वेषणसम्बन्धी छलफल पुन: सुरु गर्ने सम्भावनाबारे पनि कुराकानी भएको फिलिपिन्सका एक अधिकारीले बताएका छन् । उक्त क्षेत्र फिलिपिन्सको विशेष आर्थिक क्षेत्रभित्र पर्ने भए पनि चीनले समेत दाबी गर्दै आएको छ ।

दक्षिण चीन सागरको विवादमा भियतनाम, मलेसिया, ब्रुनाई र ताइवान पनि संलग्न छन् । विश्व व्यापारका लागि महत्त्वपूर्ण समुद्री मार्ग रहेको यस क्षेत्रमा क्षेत्रीय दाबीका कारण तनाव कायम छ ।

जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ मा

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रुपैंयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पति जफत हुनेलगायतका कानूनी व्यवस्था छ ।



त्यसैले जुवातास नखेलौं-नखेलाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कार्की...

मा विश्लेषण गरिएका कुल प्रोफाइलहरूमध्ये ३४ प्रतिशत नक्कली वा इनअथेन्टिक रहेको बताएको छ । यसले सामाजिक सञ्जालले वास्तविक परिचालनमा मद्दत गरे पनि यो नक्कली गतिविधि (Fake activity) द्वारा हेरफेरको जोखिममा रहेको देखाउँछ । तर, यो प्रतिवेदन विशेष गरी यसको कार्यप्रणाली र निष्कर्षहरूको व्याख्याको सन्दर्भमा डिजिटल विज्ञहरू र सञ्चारमाध्यमहरूबाट आलोचनामा परेको छ । यसको कार्यप्रणालीमा अस्पष्टता (Lack of Methodological Transparency) छ । प्रतिवेदनमा प्रयोग गरिएको विश्लेषण विधि, नमुना छनोट (Sampling method), तथ्याङ्क सेट (Dataset) र कुन प्रकारको (AI) प्रयोग गरिएको थियो भन्नेबारेमा स्पष्ट विवरण र पारदर्शिताको कमी रहेको छ । यसले स्वत:स्फूर्त (Spontaneus) अनलाइन गतिविधि र समन्वित नक्कली व्यवहार (Cordinated inauthentic behavior) बिचको भिन्नता स्पष्ट रूपमा छुट्याउन सकेको छैन ।

राष्ट्रिय तथ्याङ्क विभागले March २०२४ मा गरेको सर्भेअनुसार नेपालमा ७६ प्रतिशत Household ले Smartphone प्रयोग गरिरहेका छन् । Center for Media Report का अनुसार सामाजिक र राजनीतिक समाचारहरूमध्ये ७५ प्रतिशत Misinformation हुन्छ । Fake news मा प्राय:जसो Sensational, Emotional अथवा Indecent language प्रयोग गरिएका हुन्छन्, जसले समाजमा तुरुन्त प्रचार पाउँछ ।

२३ भदौ काठमाडौं बाहिर शान्त रहेको नेपाल २४ गते पूर्वदेखि पश्चिमसम्म आगजनी र तोडफोडको चपेटमा आइ अर्बौंको सार्वजनिक र व्यक्तिगत सम्पत्ति खरानी बनाउन वा तोडफोड गर्नमा सामाजिक सञ्जालको प्रचार धेरै हदसम्म जिम्मेवार छ । त्यसको फाइदा लिई अन्य आपराधिक ग्रुपहरू पनि संलग्न हुन पुगेको प्रस्ट देखिन्छ ।

युरोपेली...

युरोपेली आयोग, सबैभन्दा बढी, हाम्रा सरकारहरूलाई दिन चाहेको सन्देश के हो, वन डढेलो र बाढीबाट अग्निनियन्त्रकहरूमा बढ्दो जोखिम बढिरहेको अवस्थामा, अग्निनियन्त्रक र उद्धार टोलीलाई समर्थन गर्न छुट्याइएको वित्तीय सहायता कटौती गर्नु अस्वीकार्य छ," गौड्रियानले भन्नुभयो ।

युरोपेली सार्वजनिक सेवा युनियनहरूको महासङ्घ (ईपीएसयू) ले महादेशभरका २६० भन्दा बढी आबद्ध ट्रेड युनियनमार्फत करिब ८० लाख सार्वजनिक सेवा कामदारहरूको प्रतिनिधित्व गर्छ । यसको अग्निनियन्त्रक सञ्जाल महासङ्घभित्र सबैभन्दा सक्रियमध्ये पर्छ । वर्षौंदेखि यो युनियनले फायर ब्रिगेड्स युनियनजस्ता आबद्ध संस्थाहरूसँग मिलेर राम्रो कार्यस्थिति र बढी जनशक्तिका लागि अभियान चलाउँदै आएको छ किनकि खडेरी र तातो लहरहरूले भूमध्यसागरदेखि उत्तरी युरोपसम्मका अग्नि सेवामाथि दबाब बढाइरहेका छन् । यो अपीलको महत्त्व यसकारण पनि छ कि यसले एकैचोटि तीनवटा पक्षलाई लक्षित गर्छ । नागरिक सुरक्षा अधिकारीहरूले सीमापार विपद् प्रतिकार्य समन्वय गर्छन् ।

युरोपेली देशहरूमा नागरिक सुरक्षा अधिकारीहरू सीमापार विपद् प्रतिकार्यको समन्वय गर्छन् । युरोपेली आयोगले बजेटका प्राथमिकताहरू निर्धारण गर्छ, जसलाई राष्ट्रिय राजधानीहरूले प्राय: अनुकरण गर्छन् । यसबिच, सरकारहरूसँग आफ्ना दमकल सेवाले पाउने स्रोतसाधनमाथि अन्तिम अधिकार हुन्छ । यी तीनै पक्षलाई सम्बोधन गरेर, युनियनले दबाब शासनका सबै तहबाट आउनुपर्छ भन्ने सङ्केत दिन्छ ।

गौड्रियानको तर्क एउटा यस्तो समीकरणमा आधारित छ, जसले अब सन्तुलन कायम राख्दैन । जलवायु परिवर्तनले विपद्हरूको आवृत्ति र गम्भीरता दुवै बढाउँछ, जसले आपत्कालीन कामदारहरूमाथि पर्ने माग बढाउँछ । यस्तो अवस्थामा अग्नी नियन्त्रकहरूको बजेट कटौती गर्नु भनेको कम स्रोतसाधन, कम जनशक्ति र पुरानो उपकरणसहित टोलीहरूलाई अझ ठुलो जोखिम सामना गर्न लगाउनु हो, युनियनको भनाइ छ ।

रामेछापको...

मन्थली नगरपालिकाका नगर प्रमुख लव श्रेष्ठले मन्थली नगरपालिकाले १५ शय्याको नगर अस्पताल सञ्चालन गरिरहेको जानकारी दिँदै पर्याप्त स्रोत र साधनको अभावमा सोचेजस्तो स्वास्थ्य सेवा प्रदान गर्न कठिनाइ भइरहेको बताउनुभयो । अस्पतालको सेवा तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उद्देश्यले ख्वप अस्पतालको सञ्चालन र व्यवस्थापनबारे जानकारी लिन टोली भक्तपुर आएको उहाँले बताउनुभयो ।

ख्वप अस्पतालको व्यवस्थापन व्यवस्थित र प्रभावकारी लागेको उल्लेख गर्दै नगर प्रमुख श्रेष्ठले भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्य क्षेत्रमा गरेको काम नमुनायोग्य रहेको बताउनुभयो । स्थानीय तहबाट अस्पताल सञ्चालन गर्दा सेवा प्रवाहमा सहजता हुने अनुभव भएको उहाँको भनाइ थियो । मन्थली नपा आकारमा ठुलो भएकोले जनतालाई सहज सेवा दिन कठिनाइ भएको उहाँले बताउनुभयो ।

टोलीले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेज तथा ख्वप अस्पतालको अवलोकन गरी त्यहाँबाट प्रदान हुँदै आएका सेवाबारे जानकारी लियो ।

टोलीमा मन्थली अस्पताल प्रमुख डा. केशव सिंह धामी, स्वास्थ्य शाखा प्रमुख केशवराज फुर्याँल, प्रशासनको तर्फबाट बलबहादुर केसी, नवीन ढुङ्गेल (जिन्सी), सोहत सुवेदी (फार्मेसी), कौशलकुमार थापालगायतको उपस्थिति थियो ।

सो अवसरमा भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले मन्थली नगरपालिकाको टोलीलाई नगरपालिकाका प्रकाशनहरू मायाको चिनोस्वरूप प्रदान गर्नुभयो ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा